# नेपालको पुनःसंरचनाको सन्दर्भमा मधेशीको समावेशीकरण

-चन्द्रकिशोर

जनआन्दोलन-२ मा सबै वर्ग, क्षेत्र, समुदायले जनआन्दोलनमा भाग लिंदा लोकतन्त्रसँगै आफ्ना छुट्टै माग पनि सारेका थिए । त्यसैले उनीहरुले आफ्ना चासो र आग्रह सम्बोधनको अभिलाषा राख्नु स्वाभाविक हो । जनआन्दोलन सफलतासँगै माओवादीसँगको वार्ता प्रमुख राजनैतिक मुद्दामा केन्द्रित हुँदा सरकारले ती असन्तुष्टिका पक्षमा ध्यान दिन सकेन । केही सामान्य विषयबाहेक उनीहरुकोमाग राज्यले बेवास्ता मात्र गरेन, त्यसलाई सम्झाउने, बुझाउने विधिसमेत अबलम्बन गरेन । राज्यले विभिन्न कोणबाट उठिरहेका न्यायपूर्ण आवाजलाई सम्बोधन गरौंला, गर्न सकिन्छ भन्ने विश्वासको प्रत्याभूति समेत दिलाउन सकेन ।

जनविद्रोहको शक्तिबाट पुनर्स्थापित प्रतिनिधिसभाको २०६३ जेठ ४ को घोषणापत्र ऐतिहासिक महत्वको दस्तावेज हो । जनप्रतिनिधिहरुको त्यो सामूहिक उद्घोषले नेपाल अधिराज्यको अभिशप्त इतिहासलाई उल्टाएर आधुनिक राज्य निर्माण गर्ने संकल्पलाई समेटेको छ । त्यसैले अन्तरिम संविधान-२०६३ प्रति सबै क्षेत्रको अपेक्षा हुन स्वाभाविक थियो । अन्तरिम संविधान नयाँ नेपालको प्रारुप निर्माण गर्ने दिशामा प्रभावकारी देखिएन । र अन्तरिम संविधानले आफ्ना सवाल सम्बोधन गर्न नसकेको भन्दै मधेशीहरु अरु धेरै समूहजस्तै असन्तुष्टि व्यक्त गर्दै जनविद्रोहमा उत्रिए ।

एक माघ २०६३ मा जारी नेपालको अन्तरिम संविधान महिना दिन नपुग्दै संशोधनको चरणमा पुग्यो । तराईमा बसोबास गर्ने मधेशी समुदायका मागलाई सम्बोधन गर्ने क्रममा आठ दलको सहमतिमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मधेशको जनसंख्याका आधारमा निर्वाचन क्षेत्र तय गर्ने, त्यसै अनुपातमा समानुपातिक प्रतिनिधित्वको संख्या वृद्धि गर्ने र संघीय लोकतान्त्रिक राज्य प्रणाली निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए, जसलाई पूरा गर्न अन्तरिम संविधान संशोधन गर्न अनिवार्य भयो ।

सत्र माघको भावुक सम्बोधन निष्प्रभावी भएपछि सात दिनमै आएको प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको २४ माघको अर्को सम्बोधनले मधेशको जनविद्रोह साम्य भयो । स्वस्फूर्त मधेशको आन्दोलनको निमित्त नायकका रुपमा देखिएको मधेशी जन अधिकार फोरमले पछिल्लो सम्बोधनलाई सकारात्मक भनेर टिप्पणी गरे । प्रधानमन्त्रीको दोस्रो सम्बोधन अघि आठ राजनैतिक दलको सिफारिस प्रजातान्त्रिक काङ्ग्रेसका उपसभापति गोपालमान श्रेष्ठले पढेर सुनाएका थिए । सिफारिसको आधारमा प्रधानमन्त्री कोइरालाले मध्यरात ११ बजे देशवासीको नाममा सम्बोधन गरेका हुन् । सम्बोधनका क्रममा मञ्चमा आठै दलका शीर्ष नेताहरुको उपस्थिति रहेको थियो । सहमतिमा नेपाली काङ्ग्रेसका उपसभापति सुशील कोइराला, एमाले महासचिव माधवकुमार नेपाल ,माओवादी अध्यक्ष प्रचण्ड, प्रजातान्त्रिक काङ्ग्रेसका उपसभापति गोपालमान श्रेष्ठ, जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचन, नेपाल सद्भावना पाटी) (आ) का नेता भरतविमल यादव, नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छे र संयुक्त बाममोर्चाका संयोजक सिपी मैनालीको हस्ताक्षर रहेको छ ।

मधेशी जनताको जितको रुपमा स्वीकार गरिएको प्रधानमन्त्रीको ऐतिहासिक सम्बोधन निम्न प्रकार रहेको छ :

**"विगत केही दिनयता मधेशका जनताले आन्दोलनमार्फत उठाएका विभिन्न मागहरुको सम्बन्धमा आठ राजनैतिक दल तथा सरकारको ध्यान आकृष्ट भएको छ । आठ राजनैतिक दलको सहमतिमा मधेशको आन्दोलनका क्रममा उठाइएका जायज मागहरु पूरा गर्न सरकार प्रतिबद्ध छ ।**

**संविधानसभाको निर्वाचन आगामी २०६४ जेठमा गर्ने हामी सबैको साझा संकल्प हो । यसका लागि समान जनसंख्या र भौगोलिक अनुकूलता नयाँ विशिष्टता आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिने छ ।**
**मधेशको जनसंख्या प्रतिशतको आधारमा निर्वाचन क्षेत्र बढाइने छ । साथै त्यति नै संख्यामा समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुने संख्या पनि बढाइने छ । यसैगरी, संघीय लोकतान्त्रिक राज्य प्रणाली निर्माण गरी शासन प्रणालीमा मधेशी, दलित, आदिवासी, जनजाति, महिला, मजदूर, किसान, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराईनेछ । नागरिकता प्रमाणपत्र वितरणको कार्य पूरा गरिने छ । यसका लागि म सबै राजनैतिक दल, नागरिक समाज एवं सम्पूर्ण जनसमुदायबाट सहयोगको अपेक्षा गर्दछु ।**

**मधेशी जनताले विगतका सबै जनआन्दोलनहरुमा सक्रिय एवं गौरवपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । अहिले पनि आफ्ना मागहरुसहित आन्दोलनरत मधेशी जनताको भावनाको म सम्मान गर्दछु । अहिलेको आन्दोलनको क्रममा शहादत प्राप्त गर्नुभएका नागरिकहरु र सुरक्षाकर्मीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु तथा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछु । घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै आगजनी, तोडफोड, लुटपाटजस्ता हिंसात्मक घटनाप्रति गहिरो दुःख व्यक्त गर्दछु । घाइतेहरुको समुचित उपचारको व्यवस्था मिलाउनुका साथै जीउधनको नोक्सानी र क्षति भएका परिवारहरुलाई उचित राहत सहयोगको व्यवस्था सरकारले मिलाउने छ ।**

**अन्त्यमा, सबै आन्दोलनरत पक्षसँग आन्दोलन फिर्ता लिन अपील गर्दछु तथा शान्तिपूर्ण वातावरणमा वार्ता र सम्वादको माध्यमबाट आआफ्ना माग एवं समस्याहरुको समाधान खोज्न म अनुरोध गर्दछु । मुलकुमा परम्परादेखि चलिआएको सामाजिक सद्भाव, सहिष्णुता र मेलमिलाप कायम राखी लोकतन्त्रको संस्थागत स्थायित्वका निमित्त शान्तिपूर्ण वातावरणमा संविधानसभाको निर्वाचनको अभियानमा सहभागी हुन सम्पूर्ण दाजुभाइ तथा दिदीबहनीहरुलाई हार्दिक अपील गर्दछु ।"**

यसरी प्रधानमन्त्रीको दोस्रो सम्बोधनले मधेशी समाजको मन जित्न राज्य अग्रसर भएको प्रदर्शित भयो । दोस्रो सम्बोधनले एकातिर मधेशी मागलाई प्रत्यक्ष स्पर्श गरेको छ भने अर्कोतिर मुख्य आठ दलले प्रधानमन्त्रीको वक्तव्यलाई स्वागतसमेत गर्‍यो । आठ दलका नेता एकसाथ बसेर गरिएको सम्बोधनले मुलुकको समस्या समाधान एकीकृत रुपमा गरिनुपर्ने तथ्यलाई सम्झना गराएको थियो ।

यसअघि प्रधानमन्त्रीले गरेको सम्बोधनमा प्रमुख राजनैतिक दलको उपस्थिति थिएन । त्यसमा सबैको सहमति भएर पनि सार्वजनिक रुपमा असहमति प्रकट गरेर दलहरुले परिपक्वताको परिचय दिन सकेका थिएन । आठ दलहरुबीचको रस्साकसीले गर्दा नै अन्तरिम संविधान-२०६३ प्रभावकारी देखिएन र सुरु भएको थियो मधेशमा जन आक्रोशको सिलसिलबद्ध विस्फोट ।

मधेशको आन्दोलनले राज्य प्रणालीभित्रका पुराना सोच र व्यवहारमाथि गहिरो धक्का दिएको र वर्तमानको यथार्थलाई आत्मसात गर्दै भविष्यतर्फ दृष्टि दिन पनि प्रेरित गरेको छ । राज्य अब हिजो जसरी चल्न सक्दैन, मधेशी जन विद्रोहले दिशानिर्देश गरेको छ । मधेशी जनविद्रोहले आफ्नो माग पूरा गराएको मात्र हैन, देशका हरेक जाति, क्षेत्र, वर्गका समस्यालाई काठमाडौंले सम्बोधन गर्नैपर्ने अवस्था खडा गरिदिएको छ । कतिपय विश्लेषकका भनाइमा, यो सम्बोधनसँगै राज्यले आफ्ना नागरिकसँग सम्झौता यात्रा आरम्भ गरेको छ । काठमाडौं बाहिर गरिएको आन्दोलनले पनि राज्यलाई अभिनन्दन गर्नैपर्ने बाध्यता सृजना गरेको छ ।
अन्तरिम संसदमा नेपाली काङ्ग्रेसका सांसद तथा फोरमका सचिवालय सदस्य जयप्रकाशप्रसाद गुप्ता प्रधानमन्त्रीको सम्बोधनले राज्य पुनर्संरचनाबारे स्पष्ट बताउँछन् । उनकै भनाईमा सबैको सहभागिताविना राज्य चल्न नसक्ने स्वीकारोक्ति केन्द्रीय सत्ताले गरेको छ, जुन २३८ वर्षदेखि चल्दै आएको एकात्मक शासनको अवसान र सामेली राज्य प्रणालीको प्रारम्भ हो । गुप्ताको अभिमत छ, संघीयतामा जाने अभिव्यक्ति, मधेशको दृष्टिकोणबाट पूर्ण समावेशी संविधानसभा र राज्य संयन्त्रमा सबै जातजाति तथा वर्गको प्रतिनिधित्वको घोषणासहित यो सम्बोधनले भोलिका दिनमा नेपालमा समावेशी सुशासनको बाटो खोलेको छ ।

पहिलेका विद्रोहहरु गैरलोकतान्त्रिक व्यवस्थालाई विस्थापित गर्नलाई मात्र भएका थिए । विश्लेषक भास्कर गौतमको भनाईमा नेपाली समाजमा लोकतान्त्रिक व्यवस्थाभित्र नेपाली समाजलाई लोकतान्त्रिक बनाउन र नागरिकको हक अधिकारलाई सुनिश्चित गर्न यो तहको जनविद्रोह भएको पहिलो हो । त्यसैले लोकतान्त्रिक समाज निर्माण गर्ने सार्थक कार्यको थालनी यसले गरेको छ ।

मानव अधिकारकर्मी दीपेन्द्र झाले मधेशी जनविद्रोहलाई न्यायोचित भएको बताउँदै भनेका थिए - एउटै देशमा बसोबास गर्ने हरेक नागरिकलाई समान रुपमा बाँच्न पाउने अधिकार हुन्छ र राज्यको नीति तथा व्यवहारले यस अधिकारको प्रत्याभूति गर्न नसकेको खण्डमा शोषितवर्गहरुलाई विद्रोह गर्ने अधिकारसमेत मानव अधिकारको दृष्टिकोणमा वैध मानिन्छ ।

**मधेशको प्रस्फुटन :**

जनआन्दोलन-२०६३ पछि मूलधारमा प्रमुख राजनैतिक शक्तिहरु माओवादी हिंसालाई शान्तिपूर्ण बाटोमा ल्याउने कुरामा यति केन्द्रित भए । उनीहरुले जनआन्दोलनकै क्रममा उठेका अरु थुप्रै मुद्दाहरुलाई देख्न चाहेनन् । नेपालको एकीकरणदेखि नै विभेद सहँदै र पहिचानको सङ्कट भोग्दै आएका मधेशीले अन्तरिम संविधान निर्माण र अन्तरिम व्यवस्थापिका गठनपछि पनि आफूलाई धोखा भएको अनुभव गरे । राज्य र पद्धति निर्माणको बाटोमा एकैसाथ अगाडि बढिरहेको नेपालमा भौगोलिक एकीकरणलाई भावनात्मक एकीकरणमा पनि बदल्ने संवैधानिक प्रत्याभूति दिन संविधानसभाको चुनाव गर्न लागिएको थियो भने यस्तो चुनावमा सबैको सन्तोषजनक सहभागिता हुनुपर्दथ्यो । तर समानुपातिक निर्वाचन पद्धतिको अभावमा मधेशको सवाल सम्बोधन नभईदिंदा मधेश भित्रभित्रै उकुसमुकुसको अवस्था थियो, मधेशी जनविद्रोह त्यसकै विस्फोट हो ।

मधेशका बारेमा महन्थ ठाकुरदेखि मातृका यादवसम्म कोही सन्तुष्ट छैनन् । राजनैतिक र व्यक्तिगत स्वार्थका कारण खुलेर नबोले पनि राष्ट्रिय दबाब सृजना गर्न मधेशी आन्दोलन उठे हुन्थ्यो भन्ने कामना उनीहरुको पनि छ । मधेशी जन अधिकार फोरमको आन्दोलनले त्यसलाई अभिव्यक्ति दिने काम गऱ्यो । त्यसैले सङ्गठन र नेतृत्व कमजोर हुँदाहुँदै पनि फोरमको आह्वानमा भएको मधेशी आन्दोलनको आयतन र पहुँच व्यापक भएको छ । नेपालगंजको घटनाबाट पाठ सिक्न नसकेका सरकार, राजनैतिक दल र नागरिक समाजको कमजोरीले यसमा घ्यू थप्ने कामसम्म गरेको हो ।

मधेश कुनै समय नेपालका लागि मौजा थियो । मधेशबाट आर्थिक स्रोत बटुल्ने, तर यसलाई निर्णायक शक्ति नमान्ने काठमाडौंको मानसिकता अहिलेसम्म पनि कायमै छ । यसले मधेशको पहिचानप्रति राज्य कहिल्यै संवेदनशील हुँदैन र उसले मधेशको प्रतिनिधित्वलाई पनि ध्यान दिँदैन भन्ने मधेशीहरुलाई परेको छ । तर समयक्रममा मधेशको जनसङ्ख्या, आर्थिक आधार, राजनैतिक महत्वले गर्दा अब यो अस्वीकार गर्न नसकिने अवस्थामा पुगेको छ ।

मधेशीहरुको हकहितका लागि अहिले जुन आवाज उठिरहेको छ सारमा त्यसमा पाँच “प” अर्थात् प्रतिनिधित्व, पहिचान, पहुँच, प्राकृतिक स्रोत (जल, जमिन, जङ्गल) माथि स्वामित्व र प्रान्तीय सरकारलाई सम्बोधन गर्नुपर्ने देखिएको छ । लोकतन्त्रका लागि यी न्यायोचित मुद्दाहरु हुन् । मूलतः समान अस्तित्वका लागि चिन्तित मधेशीहरुमा पुनर्निर्माणको अपरिहार्यता महसुस हुन थालेको छ । अहिलेको आन्दोनल यसैको प्रस्फुटन हो ।
मधेश अहिले राजनीतिको बिकाउ मुद्दा पनि बनेको छ । मधेशका नाममा नयाँनयाँ संस्थाहरु जन्मिने क्रम जारी छ । राजनैतिक दलहरुभित्र पनि मधेशलाई हेर्ने विभाग, समिति वा मञ्च गठन गरिनुले मधेशप्रति उनीहरुको चासो बढेको देखाउँछ । मधेशको मुद्दा सम्बोधन नभएसम्म त्यसलाई भजाउन राजनैतिक छिनाझप्टी भई नै रहन्छ । नेपालगंजपछि लहानमा माओवादीको सक्रियता र त्यसले उत्पन्न गरेको सङ्कट त्यसैको परिणाम हो ।

मधेशी राजनीतिलाई अगाडि लिएर हिंड्ने काम २००७ सालकै आन्दोनलको पृष्ठभूमिमा रघुनाथ ठाकुरले गरेका थिए । यसपछि कुलानन्द झा, बेदानन्द झा, रामजनम तिवारीको तराई काङ्ग्रेसदेखि गजेन्द्रनारायण सिंहको नेपाल सद्भावना पार्टीले मधेशी आवाजलाई सङ्गठित रुपमा उठाउने प्रयास गरेका थिए । २०४६ सालपछि देशभर मधेशी केन्द्रित संस्थाहरु सयको हाराहारीमा खुले । चार दर्जनभन्दा बढी संस्था त काठमाडौंमै छन् । कहिले रामचन्द्र राय त कहिले जीतेन्द्र देवको नेतृत्वमा एकीकृत मञ्चको खोजी पनि भइरहेको छ । २०६३ को आन्दोलनपछि मधेशसँग जोडिएर साझा मञ्चहरु बनाउने लहर नै देखिएको छ । पछिल्ला दिनमा रन्जु ठाकुरजस्ता महिलाहरु पनि मधेशी आवाज उठाउने एकल प्रयासमा लागेका छन् । प्रमुख दलहरुसित मधेशी नेता त छन्, तर मधेशी आन्दोलनलाई नेतृत्व गर्ने सर्वमान्य नेतृत्व स्थापित हुन सकेको छैन ।

मधेशी राजनीतिमा तीनवटा धार देखिन्छन्, परम्परागत, रेडिकल र हतियारबन्द । प्रमुख दलभित्रका मधेशी नेताहरु र नेपाल सद्भावना पार्टीका दुईवटै समूहको एउटा धार, मधेशी जन अधिकार फोरम लगायतका संस्थाहरुको अर्को धार तथा हतियार बोकेका जनतान्त्रिक तराई मुक्ति मोर्चाका जयकृष्ण गोइत र ज्वाला सिंहको तेस्रो धार । माघको दोस्रो सातातिर प्रकट नागराजको तराई कोबरा र फेरि पुनर्प्रकट भएको मधेशी टाइगर पनि हतियारकै कुरा गर्ने

धारमा पर्दछ । पहिलो र दोस्रो धारले नेपालमा सङ्घीय संरचनामार्फत मधेशी मुद्दालाई सम्बोधन गर्न खोजिरहेका छन् भने हतियारबन्द तेस्रो धारले अलग तराई राज्यको नारा दिइराखेको छ ।

हिजोसम्म सामान्यतया मधेशी आन्दोलन र मधेशी समुदायलाई भारत समर्थितको रुपमा पनि चित्रित गरिन्थ्ये, तर अब अवस्था त्यस्तो रहेन । भारतलाई विरोध गर्ने, तर मधेशी आन्दोलनलाई गति दिन खोज्ने समूहहरु पनि यसमा सक्रिय छन् । अमेरिका, चीन र संयुक्त राष्ट्र सङ्घको मधेशप्रति बढेको रुचीले यस क्षेत्रका समस्यालाई अन्तर्राष्ट्रियकरण गरिरहेको छ । नेपालका दातृ समूहहरु पनि मधेशी समुदायमा समेत केन्द्रित अनुसन्धान कार्यलाई प्रोत्साहन गर्न थालको छन् । नर्वेली सरकारको सहयोगमा सञ्चालित सामाजिक समावेशीकरण अनुसन्धान कोषको कार्ययोजना यसको प्रमाण हो ।

जनआन्दोलन-२०६३ मा मधेशको व्यापक सहभागिता थियो । तर अर्को बिर्सन नहुने पक्ष, मधेशमै शाही सत्ताको चुनावी नाटक पनि सफलतापूर्वक मञ्चन भएको थियो । जनआन्दोलनको सफलतापछि धर्म निरपेक्षता विरोधी आन्दोलन मधेशमै सुरु गरिनु संयोग थिएन । त्यति मात्रै होइन, नेपालगंज काण्डपछि त्यहाँको भिसिडीको एकपक्षीय प्रचार पनि मधेशमै भयो । वर्तमान राजनैतिक विकासक्रमसँग सन्तुष्ट नहुने पक्ष अहिले पनि मधेशलाई उपयोग गर्न अघि सरेको प्रष्टै छ ।

भारतको भारतीय जनता पार्टीसँग निकट सीमा जागरण मञ्चले बिहारको रक्सौल र उत्तरप्रदेशको गोरखपुरमा मधेशी सवालमा कार्यक्रम आयोजना गऱ्यो । त्यसमा भाजपा र राष्ट्रिय स्वयंसेवक सङ्घका नेताहरुको मात्रै होइन, मधेशी जन अधिकार फोरम र नेपाल सद्भावना पार्टीका अध्यक्षहरु क्रमशः उपेन्द्र यादव र लक्ष्मणलाल कर्णको पनि सहभागिता थियो । यो पक्कै पनि संयोग मात्र थिएन ।

विश्लेषक सीके लालले मधेशीहरुको अस्तित्वबारे समेत सामान्यतः अनभिज्ञ रहने संयुक्त राष्ट्र सङ्घको एउटा सिङ्गो टोलीले मधेशी मुद्दासँग सम्बद्ध व्यक्तिहरुसँग ललितपुरको एउटा सभाकक्षमा गत २३ मङ्सिरमा झन्डै साढे सात घन्टा बिताएपछिको विकसित अवस्थाबारे अभिमत राख्दै भनेका छन् - इयान मार्टिनको सद्भाव र मातृका यादवको अग्रसरताले गर्दा मधेशी मुद्दाको अन्तर्राष्ट्रियकरण भएको छ । त्योभन्दा जरुरी छ - मूलधारका दलहरुको पहलमा मधेशी मर्मको राष्ट्रियकरण । २३ मङ्सिरको कार्यक्रमलाई समापन गर्दै कृषि मन्त्री महन्थ ठाकुरले भनेझैं मधेशीहरु सबै "नेपाली" हुनुमा गौरव गर्दछन् । तिनको त्यो राष्ट्रिय भावनालाई तिरस्कार गरियो भने भयावह स्थिति उत्पन्न हुन सक्छ । मन्त्री ठाकुरले अन्य दलहरुलाई सुनाउनुभन्दा मधेशी मुद्दामा सबभन्दा पछाडि परेको नेपाली काङ्ग्रेसलाई यो कुरामा झकझक्याउन सके भने त्यो नै अहिलेका लागि उनको सबभन्दा ठूलो सफलता हो । आखिर धेरै आलोचना नसही नेतृत्व स्थापित हुँदैन । नेपाल सरकाका मन्त्री महन्थ ठाकुर तथा माओवादीसम्बद्ध मधेशी राष्ट्रिय मुक्ति मोर्चाका प्रमुख मातृका यादवसमेत उपस्थित रहेका त्यस कार्यक्रमले अरु केही गर्न नसके पनि एउटा बलियो सन्देश भने दिएको छ । मधेशी मुद्दालाई सम्बोधन नगरी अब कुनै पनि राजनैतिक दलको गतिविधि प्रभावकारी हुन सक्दैन ।

**राज्यको असंवेदशीलता :**

मधेशमा चलिरहेको आन्दोलन सामाजिक न्यायका लागि गरिएको आन्दोलन हो । त्यसैले पनि मधेशका आम जनता सडकमा उत्रिएका हुन् । मधेशका परम्परावादी महिलाहरु पनि खुलेरै सडकमा ओलिएका छन् । गाउँगाउँबाट मानिसहरु ग्रामीण बजारहरुमा र सदरमुकाममा आएर आन्दोलनमा ऐक्यबद्धता देखाएका छन् । एकपछि अर्को जिल्लामा आन्दोलन बढ्दै जानु त्यसैको प्रभाव हो । मधेशका समस्याहरुप्रति प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासहित काठमाडौंमा देखिएको चरम उदासिनताले स्थिति दिनानुदिन भयावह बन्दै गएको छ । अहिले देखिएको आन्दोलन मधेशीहरुमा देखिएको नैराश्य र लोकतान्त्रिक राज्यबाट प्रकट भएको असंवेदनशीलताप्रतिको विस्फोट हो ।

लोकतान्त्रिक व्यवस्थामा नै सामाजिक न्यायको खोजी गरिन्छ । राष्ट्रले संविधानसभामार्फत नयाँ नेपाल निर्माण गर्ने जुन संकल्प लिएको छ त्यसमा संविधानप्रति सबैको आत्मीयता र स्वामित्व प्रतिबिम्बित हुनका लागि पनि सबैको सहभागिता हुन अपरिहार्य छ । मधेशीहरुले जनसङ्ख्याको आधारमा प्रतिनिधित्व खोजेका छन्, त्यो त्यसैका लागि गरिएको न्यायिक माग हो । संघात्मक राज्य व्यवस्था, जनसङ्ख्याको आधारमा प्रतिनिधित्व र राज्य प्रणालीमा समानुपातिक सहभागिता मधेशीहरुको अहिलेको मुख्य माग हो । समग्र मधेशलाई मूल प्रवाहीकरणमा ल्याउन तथा राज्यप्रतिको भावनात्मक अभिवृद्धि गर्नका लागि गरिनुपर्ने र हुनुपर्ने धेरै कार्यहरु हुन् ।

मधेशी जन अधिकार फोरमले मधेशीभित्रको उकुसमुकुसको अभिव्यक्ति दिएपछि आन्दोलन अहिलेको रुपमा विकसित भयो । अब यो आन्दोलन फोरमको मात्र रहेन । यसलाई आम मधेशीहरुले सामाजिक न्यायको आन्दोलनको रुपमा लिए । यस आन्दोलनलाई लोकतन्त्र र राष्ट्रिय अखण्डतालाई मजबुत गर्ने आन्दोलनको रुपमा लिए । मन्त्रिपरिषद् र अन्तरिम व्यवस्थापिकामा रहेका आठ दलका मधेशीमूलका राजनीतिकर्मीहरुले प्रधानमन्त्रीलाई संयुक्त रुपमा ज्ञापन दिने तयारी गरेकाले पनि यो आन्दोलन कुनै दल, मोर्चा, फोरम वा सङ्गठनको मागभन्दा राष्ट्रिय मुद्दा हुन पुगेको हो । आन्दोलनमा फोरमको ब्यानर भए पनि सबै राजनैतिक तथा सामाजिक सङ्गठनसहित आम नागरिकको सहभागिता र समर्थन हुँदै गएको छ । विभिन्न जिल्लामा मुख्य धारका राजनैतिक दलका जिल्लास्तरीय नेताहरुले समेत सामूहिक ऐक्यबद्धता र समर्थन जनाउँदै गएका छन् । यसरी यो आन्दोलन राष्ट्रिय आन्दोलनको रुपमा अभिव्यक्ति दिएको छ । वैशाख आन्दोलनपछि नेपाली समाजको सबै पक्षमा देखा परेको परिवर्तनको उत्कट चाहनाबाट मधेशीहरु अलग रहने कुरै थिएनन् र मधेशीपनको उभारले सामाजिक न्यायको आन्दोलनलाई अग्रगति दियो ।

तर राज्य जो लोकतान्त्रिक भनिएको छ त्यसले आन्दोलनप्रति हेपाहा नीति राखेको छ र आन्दोलन दबाउने प्रयास गरेको छ । आन्दोलनलाई बदनाम गराउने प्रयास गरेको छ । आन्दोलनलाई षडयन्त्रको उपज हो भन्ने षडयन्त्र सुरु गरेको छ । यसैले यो राज्य सामाजिक न्यायको आन्दोलनलाई सम्बोधन गर्नमा चुकेको छ भनेर भन्ने अवस्था मात्र छैन । सरकारले स्थिति साम्य पार्नुको साटो बैठक हुने, निर्णय गर्नेसम्ममै सीमित रहेको प्रचार गर्न उद्यत छ र यसरी आन्दोलनले महिनौं नाघिसकेको छ ।

सरकार र संसदमा सहभागी मुख्य धारका आठ दलहरु राजनैतिक लाभ हानीमै सीमित रहेका छन् । शक्ति पृथकीकरणका कोही अरु सहभागी नभई हालोस् भन्ने परम्परागत सोचमै सीमित छन् । नेसपा आनन्दी बाहेकका सात दलभित्रका मधेशी नेताहरुको स्थिति धृतराष्ट्रका सभामा रहेका भीष्मपितामहको जस्तै रहेको छ । मधेश जुन रुपमा जागृत भएको छ त्यसबारे प्रदीप गिरी जस्ता (पहाडी) नेताहरुले बुझेजस्तो बुझ्न खोजिएन भने मधेशमा राजनैतिक प्रवाहलाई नियमित गर्न सजिलो छैन । मूलतः काठमाडौंको संस्थापन सत्ताको मानसिकता हेर्दा सन् साठीको दशकको पश्चिमी पाकिस्तानको पूर्वी पाकिस्तानप्रतिको मानसिकताजस्तो देखिन्छ । शान्ति प्रक्रियामा रहेको छु भन्ने आत्मरतिमा केन्द्रित काठमाडौंको संस्थापन पक्षले मधेशको शान्तिपूर्ण आन्दोलनलाई बेवास्ता गर्दा विस्तारै बन्दुकको राजनीति प्रभावशाली हुँदै जाने तथ्यप्रति आँखा चिम्लेको जस्तो लाग्छ । माओवादी हिंसाको अनुमोदनले गर्दा बन्दुकले वा बल मिचाईले मात्र मागहरु पूरा गराउन सकिन्छ भन्ने सोच विकसित हुँदै गइरहेको छ ।

शान्तिपूर्ण आन्दोलनलाई दमन गर्ने, अधिकारको आन्दोलनलाई सम्बोधन नगर्ने राज्यको चरित्रलाई जिम्मेवार मान्न सकिंदैन । मधेशमा जुन प्रकारले नेपाली राष्ट्रियताको अभ्युदय भएको छ, त्यसलाई आत्मसात नगर्ने, स्वीकार नगर्ने पक्षलाई जिम्मेवार र उत्तरुदायी हो भनेर मान्न गाऱ्हो पर्छ । हिजोको लोकतान्त्रिक आन्दोलनमा दमन गर्ने, गोली चलाउने, जनताको अधिकार कुण्ठित गर्नेहरुलाई कारबाही गर्नुपर्ने जनआवाज उठेको थियो र आज पनि नागरिक समाजले दोषीमाथि कारबाहीको माग गरिरहेका छन् । यतिखेर मधेशका जनता जब लोकतन्त्रकै सुदृढीकरणका लागि, सामाजिक न्यायको आन्दोलन गर्दा मान्छेहरु मारिन्छन् भने यसका दोषीहरुलाई कारबाही गरिने कि नगरिने ? सामाजिक न्यायका लागि सहादत प्राप्त गर्नेहरुप्रतिको जिम्मेवारी कसको हो ? मानव अधिकार र लोकतन्त्रको दुहाई दिनेहरुले दण्डहीनताको अवस्था राखी राख्दा यसले कुन संस्कृतिको विकास गर्दछ भन्ने प्रश्नहरु उठ्न थालेका छन् ।

मधेशीहरुले नागरिक समाजका अगुवाहरु र मानव अधिकारका पहरेदारहरुसँग नेपालगंज, लहान, कलैया, वीरगंज र विराटनगरका दोषीहरुमाथिको कारबाहीका लागि निष्पक्ष छानबिन र दण्डको माग राख्दै छन् । अब मधेशको प्रश्न फोरमले अगाडि ल्याएका मागमा मात्र केन्द्रित छैनन् । जब यो मुलुकमा आफ्नो पहिचान, प्रतिनिधित्व र पहुँचका लागि शान्तिपूर्ण आन्दोलन गरिन्छन् र त्यसमाथि दमन गरिन्छ, गोली चलाइन्छ भने त्यो कुन लोकतन्त्र र नयाँ नेपाल निर्माणको लागि अभ्यास हो भनेर मधेशीहरुले माग राख्न थालेका छन् । लोकतन्त्रभित्रै तानाशाहहरु जन्मिने सम्भावना हुन्छन् । यतिखेर मधेशप्रतिको सत्ताको दृष्टिकोण कुनै तानाशाहीहरुभन्दा कम छैनन् । यस्तै अलोकतान्त्रिक र दण्डहीनताको परिस्थिति लामो समयसम्म रहिरह्यो भने त्यो मुलुकको लागि दुर्भाग्यपूर्ण हुन्छ । सरकार चलाउनेहरुले जनताका अधिकार ठाउँठाउँमा खण्डित तुल्याउन खोज्दा नेपाली भावना नै खण्डित हुने वातावरण विकसित हुन थालेको छ । त्यसैले समय छँदै सामाजिक न्यायको मुद्दालाई सम्बोधन गर्न, मधेशलाई मूल प्रवाहीकरणमा ल्याउन, मधेशमा सामाजिक सद्भाव कायम राख्न र दण्डहीनताको अवस्थालाई अन्त गर्न ढिलो गर्नु हुँदैन, यसो गरियो भने त्यसभन्दा ठूलो विडम्बना अर्को हुने छैन ।

मधेशका समस्यालाई बेलैमा सम्बोधन नगरिएमा यो असहजता असहिष्णुतातिर जाने सङ्केत पनि देखिएको छ । मधेशीहरुले आफ्नो असन्तुष्टि प्रकट गर्दै अधिकारको माग गरे पनि राजनैतिक दल र राज्य चाहिं उनीहरुका

मागप्रति संवेदनशील हुन सकिरहेको छैन । अधिकांश मधेशीहरु काठमाडौं केन्द्रीय सत्तासँग सन्तुष्ट देखिंदैनन् । उनीहरु एकीकरणकालदेखि नै राज्यबाट ठगिएको महसुस गर्छन् ।

हरेक राजनैतिक परिवर्तनपछि मधेशको मुद्दालाई सम्बोधन गर्ने आश्वासन दियो राज्यले । हरेक राजनैतिक आन्दोलनमा मधेशी समुदायका मानिसलाई राजनैतिक दलहरुले आश्वासन दिए । जागृति नेपालका अध्यक्ष विजयकान्त कर्ण भन्छन् - तर सत्तामा गएपछि मधेशीहरुको मुद्दामा उनीहरु संवेदनशील बन्न सकेनन् । त्यसैले राज्यले मधेशका केही नेतालाई प्रतिनिधित्व गराउने बाहेक केही गरेन ।
विश्लेष भाष्कर गौतमले भनेजस्तै मधेशीहरुले उठाएको नितान्त जायज राजनैतिक मागलाई सम्बोधन गर्न किन यति बिघ्न आनाकानी गरियो ? किन यसले मधेशी समुदायभन्दा बाहिरको तप्काबाट बेलैमा यथेष्ट सहयोग र समर्थन पाएन ? किन लोकतान्त्रिक भनिने सरकारले हरेक दिनजसो एकपछि अर्को गर्दै मानिसहरु मारिरह्यो ? निकै आपतकालीन अवस्थामा समेत दलका शीर्षस्थ नेताहरुले संवाद र सहमति नै लोकतान्त्रिक बाटो हो भनिरहे पनि लोकतान्त्रिक कार्यशैलीको प्रदर्शन किन गर्न सकेन ? यस्ता यावत प्रश्नहरु अनुत्तरित छन् । तथापि नारामा लोकतन्त्रको समर्थन गर्दैमा त्यो स्वतः व्यवहार र संस्कार बनिहाल्दैन, न सर्वसाधारणले गर्ने विरोध र आन्दोलनको कार्यशैलीमा, न राज्यको कामकारबाहीमा । यसका लागि पृथक विचारलाई सहजै सहिष्णुतासाथ ग्रहण गर्न सक्ने क्षमता चाहिन्छ, नौला र अमान्यजस्तो लाग्ने विचारमा बहस गर्न सक्ने धैर्यता चाहिन्छ, साथै रचनात्मक मानिसको आवश्यकता हुन्छ, जुन दलीय संरचनाले नेपाली समाजमा उत्पादन गरिरहेको छैन । बरु भएकाहरुलाई पनि निमिट्यान्न पार्न दलहरु लागिपरेका छन् । कतिपय अवस्थामा सङ्घ संस्था र समाजमा पनि यही चिन्तन हावी छ ।

मधेशीलाई अधिकार दिलाउने आन्दोलनका रुपमा स्थापित यस जनविद्रोहलाई दबाउन सुरक्षाकर्मीले हदैसम्मको बल प्रयोग गरेका छन् । पत्रकार धर्मेन्द्र झाका अनुसार विगतका जनआन्दोलन र यसपटकको मधेशी आन्दोलनका क्रममा प्रयोग भएका सुरक्षाकर्मीको व्यवहारमा एउटा तात्विक भिन्नता देखिएको छ । त्यो के भने सुरक्षाकर्मीले यसपटक प्रायः लाठीचार्ज नगरिकनै गोली चलाउने गरेको पाइएको छ ।

बारा निवासी मधेशी जन अधिकार फोरमका केन्द्रीय सदस्य रामसहाय यादव भन्नुहुन्छ - प्रहरी न त लाठीचार्ज गर्छन्, न त अश्रुग्यास चलाउँछन्, न त रबरको गोली नै चलाउँछन् । भीडलाई नियन्त्रण गर्ने नाममा तिनले बिना चेतावनी गोली मात्र चलाउने गरेका छन् । मधेशी आन्दोलनका क्रममा झन्डै चार दर्जन जति गोली लागेर काठमाडौंको वीर अस्पतालमा उपचार गराइरहेकोमा उपचारमा संलग्न डा. पंकज चौधरीले घाइतेलाई जथाभावी गोली प्रहार भएको उल्लेख गर्दै बताएका छन् - कसैको खुट्टाको हड्डी टुक्राटुक्रा भएको छ । यसले उपचारमा लामो समय लाग्न सक्छ ।

बाराका पत्रकार तथा मानव अधिकारकर्मी उमेशलाल दासका अनुसार सुरक्षा निकायले मानव अधिकार सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कुनै पनि प्रावधानको हेक्का राखेको छैन । सुरक्षा निकायले लाठीचार्ज गर्दा पनि जानकारी र चेतावनी दिनुपर्ने हो तर यहाँ त सोझै गोली नै चलाइएको छ ।

मधेशी आन्दोलनको एक महिना अघि नेपालगंजमा गराइएको घटना एउटा आगोको झिल्को थियो । त्यो घटना जसरी गराइयो र जसरी पटाक्षेप गरियो त्यो समस्त तराईमा राजकीय सत्ताविरुद्ध घृणा र आक्रोश फैलाउन पर्याप्त थियो र अझ भनौं राज्यको पुरानो चरित्रमा कुनै फेरबदल नआएको एउटा ठोस प्रमाण थियो । अन्तरिम व्यवस्थापिका संसद्का सदस्य हरि रोकाले नेपालगंजको घटनाले जनआन्दोलनका बेला बाचा गरिए अनुसार र पछिल्ला समयमा अनेकन घोषणाको उचित कार्यान्वयनहरुको अभावमा, जनतालाई सशक्त बनाउन राज्य पुनर्संरचना गरिने, आत्मसम्मान र पहिचान रक्षा हुने, पुनर्संरचित राज्यमा तिनको अधिकार अक्षुण रहनेमा कोही पनि विश्वस्त रहने अवस्था रहेन । त्यसैले, नेपालगंज घटना पछिल्लो मधेशी आन्दोलनको पहिलो कडी सावित भयो । सरकारको अहंकारयुक्त क्रियाकलापले फोरमलाई मधेशी जनताको आवाज उठाउने एउटा सशक्त माध्यमका रुपमा स्थापित गरायो र नेकपा माओवादीसँग सम्बन्धित व्यक्तिको गोली प्रहारबाट एक आन्दोलनकारीले मृत्युवरण गर्नुपरेपछि र सम्बन्धित व्यक्तिको लास अपहरण गरेर जलाइएको लहान घटनाले फोरमलाई बहुसङ्ख्यक मधेशी आन्दोलनकारीका लागि आन्दोनल एकपटक टेक्नैपर्ने प्लटेफर्मका रुपमा स्थापित गरिदियो ।

विगतमा जस्तै अप्ठ्यारो परिस्थितिले च्यापेपछि जस्तोसुकै निर्णय गर्न पनि तयार हुने अनि कठिनाई मत्थर भएपछि ती निर्णय ओझेलमा पार्ने र उपेक्षा गर्ने प्रवृत्तिले पनि प्रधानमन्त्रीको पहिलो सम्बोधनले कसैलाई पनि पूर्ण आश्वस्त पार्न सकेन । परिस्थिति हिंसात्मक र विकराल बनेपछि मात्रै नयाँ विषयलाई सम्बोधन गर्ने प्रवृत्तिले हामीलाई बारम्बार अप्ठ्यारोमा पारिरहने छ । नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य नरहरि आचार्यको भनाईले समेत राष्ट्रिय गम्भीरतालाई प्रकट गर्दछ । समय छँदै समस्याहरु पहिचान गर्ने र तिनको उपचार खोज्ने बाटोमा नलाग्दा धेरै ढिलो भइसकेको हुनेछ । लोकतान्त्रिक नयाँ नेपालको निर्माणका लागि पार्टीहरु पनि नयाँ मानसिकता र लोकतान्त्रिक कार्यशैलीका साथ आफूलाई तयार बनाउन जुटौं, मधेश आन्दोलनले सिकाएको पाठ समय छँदै बुझौं ।

वर्तमान सरकारको कार्यशैलीले कम्तिमा दुईटा नकारात्मक सन्देश स्थापित गरेको छ । एउटा विधिसम्मत ढङ्गले उठाइने जायज मागलाई कहिल्यै बेलैमा सम्बोधन नगर्ने र अर्को मधेशमा भएको त्यत्रो धनजनको क्षतिका सम्बन्धमा छानबिन गर्न एउटा उच्चस्तरीय न्यायिक छानबिन आयोगको गठन गर्न देखाएको ढिलाइले सरकारमा जवाफदेहिताको ह्रास आएको भन्ने सन्देश दिएको छ ।

देशमा अहिले बन्दै गइरहेको परिस्थिति र आक्रोशको वातावरण कुनै पनि हिसाबले ठीक छैन । अहिले देखिएका लक्षणहरुले राम्रो भविष्यतर्फ सङ्केत गर्दैनन् । जनकपुर नगरपालिकाका पूर्व मेयर वृषेशचन्द्र लाल राज्यको असंवेदनशीलतालाई प्रकट गर्दै भन्नुहुन्छ - सत्तामा पुग्नेहरु यस्ता लक्षण देखेर सन्तुष्ट भएका हुन सक्छन् तर प्रभाव र परिणाम त जनताले भोग्नु पर्दछ । शताब्दियौंदेखि सँगै बस्दै आएका दाजुभाइले रातारात आफ्ना घर अगाडि ठूला खाल्टाहरु खनिएको देखिरहेका छन् । सँगै तानाशाहीविरुद्ध लडेका जनता आफ्नो एकतालाई कुनै अदृश्य शक्तिले बडो धूर्ततापूर्वक तोड्दै र कालो अविश्वासको रेखा तान्दै गरेको अनुभव गरिरहेका छन् । यसको तत्काल निदान आवश्यक छ । होइन भने उही पुरानो बूढो मानसिकताका कारण नयाँ नेपालको सपना दिवास्वप्नमा परिणत हुन सक्नेछ ।

**राजनैतिक जाममा मधेश :**

लोकतान्त्रिक आन्दोलनमा मधेशको ऐतिहासिक भूमिका संयोग मात्र थिएन, त्यो त समावेशी लोकतन्त्रमा आधारित राष्ट्रियता निर्माण गर्ने राजनैतिक कार्यादेश थियो । तर अन्तरिम संविधान र अन्तरिम व्यवस्थापिका स्थापना भइसकेपछि पनि मधेशको अवस्था भने जाममा फसेको चोकको ट्राफिक व्यवस्थापनजस्तो छ । मधेशमा भइरहेका गतिविधि यतिखेर प्रवृत्तिगत रुपमा विभिन्न चरित्रका साथ देखा परेका छन् । मधेशमा यतिखेर जनआन्दोलन-२ को सफलताले विस्तारै सम्बोधन गर्दै जाने अपेक्षा तथा राष्ट्रिय मूल प्रवाहमा सामेलीको तिव्र आतुरता छ, मूल प्रवाहीकरणको प्रक्रियाले उपलब्धिको तहमा मन्द गति लिएपछि आक्रोश पनि छ र त्यही अनुरुपको कार्यक्रम पनि छ । त्यस्तै मधेशको एजेन्डालाई उचालेर वर्षौंदेखि कायम रहँदै आएको साम्प्रदायिक सद्भावलाई खल्बल्याउने प्रतिगामी सक्रियता पनि छ । मधेशको मागलाई हतियारको प्रयोगबेगर ग्यारेन्टी गराउन नसकिने सोचले हतियारबन्द आन्दोलन चलिरहेको छ, आफ्नो राजनैतिक वर्चस्व स्थापित गर्न नाराको खेती भइरहेको छ र भइरहेको छ कानून हातमा लिंदै कुनै माग पूरा गराउन जबर्जस्ती शैलीको प्रयोग पनि । र यसरी विभिन्न प्रवृत्तिहरुको एकैपटक उपस्थितिले मधेशको राजनैतिक प्रवाहलाई जाममा पारेको छ ।

सप्तरीदेखि बाँकेसम्मका दुर्घटना गृह मन्त्रालयका लागि मात्रै गतिला पाठ होइनन् । जनआन्दोलनपछि लोकतान्त्रिक राज्यलाई संस्थागत गर्न सहयोग गर्न चाहने नेपाली मात्रको सरोकार र सिकाइभित्र पर्दछ यो । ती दुर्घटनाका कारणहरुको सम्बोधनको अभावमा नयाँ नेपाल निर्माणको प्रक्रिया अघि बढाउन आवश्यक मेलमिलापको वातावरण निर्माण नहुने पक्का छ ।

वास्तवमा जनआन्दोलन सँगसँगै मधेशमा डिपनिङ अफ द एवारनेस आएको छ । मधेशका गाउँघरका मधेशीहरुले पनि आफ्ना युगौंदेखिका शोषण, विभेद र उपेक्षाका कुरा बुझ्न र बोल्न थालेका छन् । मधेशमा आयोजना हुने जस्तोसुकै राजनैतिक र सामाजिक कार्यक्रममा मधेशीको एजेन्डा उठी नै हाल्दोरहेछ । राजधानीमा समेत विशाल मधेशको ठोस समस्याप्रति आँखा चिम्लेर नयाँ नेपाल निर्माण हुन सक्दैन भन्ने समझाउनी कार्यक्रमको मात्रा बढेको छ । विभिन्न स्तर र तहमा छरिएर भए पनि मधेशीपनको उभार भएको छ । मधेशीहरु आफ्नै मातृभूमिमा आप्रवासीझैं दोस्रो दर्जाको नागरिकसरह अब बस्न सक्दैनन् भन्ने नेपाली राष्ट्रियता विकसित भएको छ । यस्तो परिस्थितिलाई मधेशी आर अन मुभको अवस्थाको रुपमा व्याख्या गर्न सकिन्छ । मधेशीहरु जाग्दैछन्, जागेका छन् र माग्दैछन् आफ्नो अधिकार, अस्तित्व र अस्मिता ।

जनान्दोन-२ पछि पुनर्स्थापित संसद्देखि संयुक्त राष्ट्र सङ्घीय महासचिवका विशेषदूत इयान मार्टिनबाट समेत मधेशी र मधेशको मुद्दा मुखरित भएको छ । मधेशी मुद्दालाई सम्बोधन नगरी अब कुनै पनि राजनैतिक दलको गतिविधि प्रभावकारी हुन सक्दैन भन्ने ब्यूँझाउने सन्देश मधेशीदेखि राजधानीसम्मका भित्तामा लेखिएका “गर्व से कहु हम मधेशी छि, विदेशी भगौडा नही धरतीपुत्र छि” नाराबाट प्रचारित भएको छ । मुलुक अब मधेशप्रति असंवेदनशील भएर अगाडि बढ्न सक्दैन भन्ने मूलधारका चिन्तन गर्नेहरुले बुझ्न थालेको आभाष पाइन्छ । वास्तवमा जनआन्दोलन-२ ले मूलधारका दलहरुलाई मधेशको मुद्दालाई विखण्डनको स्वरको रुपमा, साम्प्रदायिक

आवाजको रुपमा नभएर राष्ट्रियताको नयाँ सन्दर्भमा हेर्नुपर्ने आवश्यकता दर्शाइकेको छ । मधेशका माग स्वाभाविक मात्रै होइनन्, अधिकारका दृष्टिले समेत अपरिहार्य छन् ।

नेपाली जनता यतिखेर आफ्नो भविष्यको फैसला आफै गर्न संविधानसभालाई अगाडि बढाइरहेछन् । त्यसका निम्ति माघ १ गते सोमवार नेपालको अन्तरिम संविधान जारी भएको छ । वर्तमान संविधानको सबैभन्दा उल्लेख्य पक्ष भनेको जनताद्वारा तयार गरी लागू गरिएको पहिलो संविधान हुनु हो । अन्तरिम संविधान घोषणा त भयो तर यसले मधेशमा मूलभूत रुपमा उठेका राज्य पुनर्संरचनाको एजेन्डालाई सम्बोधन गर्न सकेको छैन । अन्तरिम संविधानको मुख्य अभिष्ट संविधानसभाको निर्वाचन र जनताको सम्प्रभुता स्थापित भएको संविधानको निर्माण हो । तर अन्तरिम संविधानभित्रका प्रावधानले संविधानसभामा प्रतिनिधित्व अघिल्ला आम निर्वाचनपछि गठित प्रतिनिधिसभाको जस्तै हुने सङ्केत दिएको मधेशीहरुको शान्तिपूर्ण आग्रह हो, जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र पुनः निर्धारण र त्यसका लागि निष्पक्ष राष्ट्रिय जनगणना गरिनुपर्छ । मधेशबाट सत्तामा समानुपातिक साझेदारी र सही प्रतिनिधित्वको माग न्यायसङ्गत एवं लोकतान्त्रिक छ । तर त्यसलाई सम्बोधन गर्दै मधेशीहरुलाई आश्वस्त पार्नुको साटो संस्थापन पक्षले त्यसलाई बेवास्ता गरी एकोहोरो राजनैतिक प्रक्रिया अगाडि बढाउँदै लग्यो । यस्तो स्थितिमा मधेश कताकता फेरि ठगिएको अनुभव गर्न थालिएको छ ।

केही सकारात्मकता पनि देखिएको छ । पुनर्स्थापित संसद्ले मधेशमा वर्षौंदेखि थन्किएको नागरिकताको समस्यालाई समग्रमा सम्बोधन गर्न नागरिकता ऐन निर्माण गरेकै फलस्वरुप माघ १ गतेदेखि नागरिकता प्रमाणपत्र वितरणको क्रम थालिएको छ । केही दलद्वारा समावेशी चरित्र प्रदर्शन गर्दै मधेशीहरुलाई अन्तरिम व्यवस्थापिकामा सहभागी पनि गरिएको छ । मधेशी अस्तित्वलाई स्वीकार गर्दै प्रतिनिधित्व गराउने प्रयास पनि भएको छ ।

तर नागरिकता ऐनको निर्माण र नागरिकता टोलीको खटाइलाई मात्र नागरिकता समस्या समाधान हुने औषधिका रुपमा बुझ्न खोज्नु भनेको मधेशको सटीक विश्लेषण गर्नबाट पन्छिन खोज्नु हो । मधेशभित्रै सिमान्तवर्ग अद्यापि प्रमाणपत्र प्राप्तिबाट छुट्ने अवस्था रहेका समाचार प्रकाशमा आइसकेका छन् । र अन्तरिम संविधानको प्रावधानमाथि टेकेर बनेको अन्तरिम विधायिकामा जुन समावेशी अवस्था प्रदर्शित भएको छ, त्यो प्रवृतिगत र पद्धतिगत नै हो भन्ने ठोकुवा गर्ने आधार पनि देखिएको छैन। यो प्रकारान्तरले टीके-प्रणालीकै निरन्तरता मात्रै देखिन्छ । संरचना अर्थात् कानूनी प्रावधानको अभावमा हुने यस्ता नियुक्ति भोलिका दिनमा निरन्तर नहुन पनि सक्दछ । त्यस्तै मिश्रित निर्वाचन प्रणालीबाटै संविधानसभाको निर्वाचन हुने हो भने पनि पछि मनोनित हुने सदस्यको नाम जनसाङ्ख्यिक प्रतिनिधित्वको हिसाबले दलहरुले अग्रिम रुपमा सूचीकृत गर्लान् नै भन्ने प्रत्याभूति हुन सक्ने अवस्था छैन ।

यस्तो अवस्थामा मधेशी राजनीति तीन तरिकाबाट अगाडि बढिरहेको छ : परम्परागत, र्‍याडिकल र हतियारबन्द । अन्तरिम संविधानको विरोध गर्दै तीनै थरीले आआफ्नो तरिकाले चलाएका कार्यक्रमले गर्दा मधेशको अवस्था प्रज्वलनशील भएको छ । सद्भावना पार्टी (आ) ले गरेको तराई बन्द र त्यसपछि नेपालगंजमा भड्किएको साम्प्रदायिक दङ्गाको ज्वाला शान्त नहुँदै नारायणी पूर्वको मधेश दिनदिनै त्रस्त बन्न थालेको छ । मधेशका मुद्दा र यससँग जोडिएका अन्य पक्षबारे आवाज उठाउनेहरु हिंसात्मक बन्दै गइरहेको, माओवादी हिंसाले पाएको

अनुमोदनले राजनैतिक हिंसालाई प्रोत्साहित गरिरहेको र मधेशी अधिकारकर्मीहरुले समेत दबिएकै स्वरमा भए पनि बन्दुकको औचित्य पुष्ट्याई गर्न थालेकाले मधेश भने हिंसात्मक राजनीतिको थलो बन्न उन्मुख भएको देखिन्छ । हिंसाले निरन्तरता पाइरहेमा अहिलेको शान्ति प्रक्रियाका उपलब्धि नयाँ संविधान र राज्यको पुनर्संरचनासम्म विस्तृत हुने सम्भावना क्षीण हुनेछ ।

नेपालगंजमा जहाँ राज्य चुक्यो, त्यहीं प्रतिगामी शक्तिहरुले मधेशमा अराजकता र अस्थिरता उत्पन्न गर्ने बिकाउ कार्ड पाए । हुन त वीरगंजलगायतका शहरमा सद्भाव र्‍याली प्रदर्शन गरिएको कारण सामाजिक सद्भाव कायम रहेको छ तर भित्रभित्रै एक प्रकारको तनाव जिउँदै छ । संस्थापन पक्ष अद्यापि पदकै भागबण्डामा केन्द्रित देखिएको छ । राज्यले समुचित संवेदनशीलता देखाउन सकेको छैन । शान्तिपूर्ण प्रदर्शन गरिरहेका मधेशी आन्दारनकारीहरुलाई पक्राउ गरी सार्वजनिक अपराधको मुद्दा लगाउने सरकारी धृष्टताले सरकारी नियतलाई प्रष्ट्याएको छ । शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकार खोस्ने र मधेशका मुद्दालाई समग्रमा सम्बोधन गर्नबाट आँखा चिम्लनेजस्ता प्रवृत्तिले अन्ततः मधेशी आन्दोलनकै माझ अशान्तिपूर्ण प्रक्रियालाई स्थापित गर्न बल पुर्‍याउँछन् । सरकार मधेशको सवाललाई शान्तिपूर्ण समाधान गर्न खोजेको आभाष दिलाउनमा चुकेको छ, त्यसले हिंसालाई प्रोत्साहन दिएको छ ।

मधेशलाई विश्वासमा नलिइएमा, मधेशीहरुलाई आवश्वस्त पार्न नसकिएमा, मधेशमा सामाजिक सद्भाव कायम राख्न नसकिएमा त्यसले अझ ठूलो दुर्घटना निम्त्याउन सक्छ र त्यसको दोष सरकारलाई जति नै मुख्यधारका नेतृत्वमाथि जानेछ ।

मधेशको समस्यालाई लिएर कुनै शक्तिको उक्साहट हो भन्दै सराप्दै समय खेर फाल्दै जाने हो भने जटिलता बाक्लिंदै जानेछ । तसर्थ जिम्मेवार सबै पक्ष अत्यन्त सजग, सचेत र गम्भीर हुनुपर्ने आवश्यकता प्रष्टिएको छ ।

जनआन्दोलन-२ पछि धर्मको नाममा वीरगंजमा र मधेशको नाममा नेपालगंजमा किन टायर बल्यो, यसको गम्भीर खोजी र विश्लेषण हुनुपर्ने जति अपरिहार्य छ त्यतिकै खाँचो छ आउँदो संविधानसभाको निर्वाचन कुनै खास वर्गका लागि नभएर नेपाली मात्रका लागि हो भनेर विश्वासिलो वातावरण बनाउनु ।

विभेदको अन्त्य विद्वेष फैलाएर होइन, लोकतान्त्रिक अधिकारको खोजी प्रतिगमनकारी शक्तिलाई सहयोग पुर्‍याएर होइन भन्ने दिशातर्फ मधेशी अधिकारकर्मीहरु पनि अत्यन्त चनाखो हुनुपर्ने आवश्यकता छ । लोकतन्त्रमै अधिकारको लडाइँ लड्न सकिन्छ ।

मधेशमा अराजकता खडा गर्ने अर्को प्रवृत्ति पनि देखा परेको छ । कुनै माग पूरा गराउन बाटो अवरोध, चक्काजाम वा जबर्जस्ती शैलीका अन्य काम कारवाही सामान्य मानिन थालिनु । कतिसम्म भने दुर्घटनामा परेर मारिएका आफन्तको लास उठाउन छाडेर परिवारका सदस्यहरुले क्षतिपूर्ति माग्न सडक अवरोध गर्न थालेका छन् । यसरी अराजकताले मधेशलाई राजनैतिक, सामाजिक र आर्थिक क्षेत्रमा गाँज्दै लगेको छ । प्रतिगामी र अस्थिरतावादी शक्तिले त खेल्छन् नै, तर सबै अराजकताको दोष केवल उनीहरुमाथि थोपरेर पनि समस्या समाधान हुँदैन । त्यसैले मधेशमा देखा परेको राजनैतिक चक्काजामलाई आपसी सद्भाव, छलफल र सहमतिमा सम्बोधन गर्न ढिलो गर्नुहुँदैन । यही नै लोकतन्त्रको आधार पनि हो ।

**मधेशीको लागि लोकतन्त्रको अर्थ :**

जनआन्दोलन-२ को सफलतापछि समावेशी लोकतन्त्रको घन्किंदो आवाजसँग दल वा विभिन्न सङ्गठनहरुले मधेशीका लागि लोकतन्त्र भन्ने सूत्रको रटनामा प्रतिस्पर्धा गरेको देखिन्छ । तर विगतको अवस्थामा कुन कुन आधारको अभावमा अपूर्ण थियो, अन्याय थियो र अबको अवस्थामा कुनकुन विशेषता समावेश भएर मधेशीका लागि समावेशी लोकतन्त्र हुने हो भन्ने कुराको मूर्त व्याख्या गरिएको पाइँदैन । त्यसैले शङ्कर लामिछानेको एब्स्ट्रयाक चिन्तन प्याज टाइपको यो मधेशीको लागि लोकतन्त्रको अर्थ आम मधेशी मात्र हैन सम्पूर्ण नेपालीले बुझ्ने गरी खोलिनुपर्छ ।

राष्ट्रिय एकताको कोणबाट राज्य पुनर्संरचनाको सवाल, नेपाली राजनैतिक क्षितिजमा केही यतादेखि चर्चामा आएको विषय हो । राज्य पुनर्संरचनाको सन्दर्भमा, विभिन्न पृष्ठभूमिबाट फरकफरक किसिमका दृष्टिकोणहरु प्रस्तुत भइरहेका छन् । दृष्टिकोणहरुको बाहुल्यले एकातिर बहसलाई गम्भीर बनाइरहेको छ भने अर्कोतिर गाम्भीर्य उत्पन्न नगरेर आआफ्नो मौलिकता पस्किने होडमा अनुवादित भइरहेको अवस्था पनि छ ।

मधेश र मधेशीका लागि लोकतन्त्र खोज्नेहरुले पनि आपसमा एकरुपता प्रस्तुत गर्न सकिरहेका छैनन् । उता दलहरुमा पनि मधेशीका कुराहरु पहिलाभन्दा बढी उठ्न थालेपछि त्यो “लगायत” को परिधिभन्दा माथि उठ्न नसकेको तीतो यथार्थको अवस्था छ । मूलतः मधेशीका सवाल र सरोकारलाई सम्पूर्णतामा सम्बोधन गर्न सकिरहेको अवस्था विकसित भएको छैन ।

एउटा भाषा र संस्कृतिको विकासमा राष्ट्रियता देखिनु र अरु भाषा र संस्कृतिको उत्पादनमा विखण्डन देखिनु नकारात्मक विचार मात्र होइन, उग्रवादी विचार हो । दुर्भाग्य, विगतमा आफ्नै सीमाभित्रका नागरिकविरुद्ध सतही राष्ट्रवादी भावनाको शोषण र प्रयोग गरी कथित पहाडी राष्ट्रवादको पक्षपोषण गरेका धेरै उदाहरण छन् । विचारको उग्रताले नै नेपाली सन्दर्भमा एउटा कालखण्डमा राष्ट्रियताको परिभाषा पायो । नेपालमा स्थापित राज्यसत्ताले राज्यलाई एक बहुसांस्कृतिक, बहुभाषिक, बहुधार्मिक तथा राष्ट्रियताहरुको राष्ट्ररुपी मौलिक पहिचानलाई स्वीकार नगरेको हुनाले नै ठूलो सांस्कृतिक समूहको रुपमा रहेको मधेशी समुदाय विभेद भो भनेर आवाज उठाइरहेका हुन् । नेपालको एकीकरण वस्तुतः भौगोलिक एकीकरण हो, कोही कोही त मधेशको अधिग्रहण समेत भन्ने आरोप लगाउने गर्दछन् । मधेशीहरु यतिका वर्षपछि पनि भावनात्मक एकीकरणको अनुभूति गर्न सकिरहेको छैन भने त्यो ठूलो राष्ट्रिय त्रासदी हो । यस छटपटाहट र वेदनालाई सम्बोधन गर्नुपर्दछ भन्ने मधेशी राजनीति वा राजनीतिको मधेशी पक्षको मूल एजेन्डा बन्न गएको छ ।

यतिखेर मधेश र मधेशीको कुरा राजधानीमा उठ्दा पहिला जस्तो हुटिङ गर्ने, साम्प्रदायिक र विखण्डनवादी भन्ने वा सञ्चारमाध्यममा नकारात्मक प्रस्तुत गर्ने कार्यहरु कम हुँदै गएको छ । उदार लोकतन्त्रको उपभोग गर्दै मधेशीहरु आफ्ना कुराहरु बुलन्दका साथ राख्न थालेका छन्, मधेशी इतरकाहरुले पनि मधेशीहरुका कुरा धैर्यतापूर्वक सुन्न थालेका छन्, मधेशीको अधिकारप्रति ऐक्यबद्धता प्रदर्शन गर्न थालेका छन् । तर कुरा यतिकैमा सिद्धिदैन ।

मधेशी, राजनीतिको विकाउ मुद्दा हो, त्यसैले नयाँ नयाँ पसलहरु खोलिन थालिएको छ । मधेशीको नाममा च्याउझैं सङ्घ संस्थाहरु खुल्न थालेपछि केही राजनैतिक विश्लेषकहरुले टिप्पणी गर्ने गरेका छन् । नेपालको जनगणना २००१

का अनुसार मधेशका २० जिल्लाहरुको सबैखाले नेपालीहरुको कुल जनसङ्ख्या १,१०,५६,२९४ मध्ये मधेशीको जनसङ्ख्या ७०,४२,१०० र पहाडीहरुको जनसङ्ख्या ४०,१४,१९४ छ र यी दुवै सङ्ख्या तराईको कुल जनसङ्ख्याको क्रमशः ६४,६९५ र ३६,२१५ हुन आउँछ । यस्तै नेपाली जनसङ्ख्याको ३०,४२५ प्रतिशत मधेशीहरु तराईमा बसोबास गरिरहेका छन् । हालाकि धेरैजनाको गुनासो छ, नेपाल अधिराज्यको जनगणनामा अझै पनि धेरै मधेशीको यथार्थ सामाजिक संरचनाको तथ्याङ्क स्पष्ट हुन सकेको छैन । तापनि मधेशीहरुको जनसाङ्ख्यीक बहुलताले गर्दा चाहेर वा नचाहेर पनि मधेश र मधेशी राजनीतिको चासो र चिन्ताको विषय रही आएको छ ।

नेपालको विकासको लागि पनि मधेशीहरुमा एकताको आवश्यकता अपरिहार्य छ, तर यो एकताको प्रयास पनि मधेशीहरु स्वयंले नै गर्नुपर्दछ । संस्थाहरुको बाढीले समस्याको विश्लेषण गर्न र उच्च स्वर प्रदान गर्न बल पुऱ्याउँछ र अन्ततोगत्वा एकीकृत अभियानको थालनी गर्न र साझा अवधारणा विकसित गर्ने वातावरण निर्माण गर्दछ ।
मधेशको राजनैतिक सर्वतमा दरबार वा भारतको चिनी र कागती कति घोलिएको छ, त्यसबारे शङ्का उपशङ्का गर्नमा ऊर्जा खर्चिनुभन्दा नेपाली सरहदभित्र रहेका सांस्कृतिक विविधतालाई राष्ट्रको नवनिर्माणका लागि ऊर्वर, सिर्जनात्मक र सवलता प्रदान गर्ने औजारको रुपमा आत्मसात गरिनु बढी लाभप्रद हुनेछ । मधेशी आवाज र सक्रियतालाई सकारात्मक रुपमा लिनुपर्दछ । तर विचारणीय पक्ष यति मात्र हो, मधेशीको कुरा गर्नेले कर्णालीको पनि ध्यान राख्नुपर्दछ अर्थात् नव नेपालको छहारीमा हरेक नेपाली अटून् ।

हरेक नागरिकले पनि राष्ट्रको मूलप्रवाहबाट उछिटिएको अनुभूति नगरुन् । सबैले आआफ्नो प्रति चासो राख्नुभन्दा सबैले सबैको चासो राखून् । मधेशीहरुले के बिर्सनु हुँदैन भने मधेशीहरुको नेपालमा अस्तित्वको लडाइँ लड्नु परिरहेको छ भने नेपालबाहेक कहीं अस्तित्व छैन पनि । अर्थात् मधेशको हित राष्ट्रिय हितविपरीत हुनस क्दैन । राष्ट्रियताविपरीत क्षेत्रीयता टिकाउ हुँदैन पनि । तर तीतो सत्य हो, सतही र निर्दीशत राष्ट्रियताले अब मुलुकलाई सम्बोधन गर्न सकिंदैन । सतही  राष्ट्रवादको बेलुने मानसिकताबाट मधेशी इतरकाहरु मुक्त हुनै पर्दछ । नागरिकता, भाषा, वेशभूषा लाद्ने निरङ्कुश प्रवृत्तिका शिकार भूटानी नेपालीहरुप्रतिको पहाडीवर्गको सहानुभूतिले पनि मधेशीहरुप्रतिको व्यवहारलाई सच्याउन पाठ सिकाउँछन् । द्वैध मापदण्ड राख्ने पर्वते राष्ट्रवादीहरु सच्चिन सकेका छन् त ?

जनआन्दोलन-२ ले मधेशीहरुलाई आकर्षित गरेको चाहिं पक्कै हो । तराईका जिल्लाहरुमा आन्दोलन आकासिएको थियो । नेपालको भावी राजनैतिक ढाँचामा यहाँका सबै जनता, सबै जाति तथा प्रादेशिक एवं सांस्कृतिक समुदायहरुका लागि पूर्ण प्रतिनिधित्व हुन्छ भन्ने चाहनाले नै मधेशीहरुलाई व्यापक रुपमा लाग्न अभिप्रेरित गरेको थियो । आखिर जनआन्दोलन-२ सफल पनि भयो ।

उल्लेखनीय रुपमा रहेको मधेशको समस्याबारे सार्वजनकि दृष्टिकोणहरु समग्र र एकीकृत देखिएको छैन । एकथरि सङ्घीय गणराज्यका कुरा नेपाललाई फुटाएर एकएक टुक्रा गरी हात लागी गर्ने पराई चाला हो भन्ने शङ्का गर्दै हिंड्छन् । अर्काथरि मधेश एउटै राज्य हुनुपर्छ भन्ने बाहेक अरुतिर हेर्दै हेर्दैनन् । ढिलै भए पनि नेपाली जनताको महान् ऐतिहासिक जनआन्दोलनपछि मुलुकका प्रायः सबै राजनैतिक दलहरु र विशेषगरी सात दल र नेकपा माओवादीले मधेशका मुखरित मुद्दाहरुलाई सम्बोधन गर्न जुर्मुराएजस्तो गरेका छन् । सङ्घीय संरचना र

जनसङ्ख्याको समानुपातिक प्रतिनिधित्व जस्ता नारालाई प्राथमिकता दिएका छन् । तर यो नै पर्याप्त छैन । मधेशीहरुलाई तरुलको अवस्थाबाट यसले पनि मुक्त पार्दैन ।

नेपालको वर्तमान प्रशासनिक संरचनामा झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कन्चनपुर गरी २० जिल्लाहरुमामधेशीको बसोबास रहीआएको छ । यसबाहेक यी जिल्लाहरुका उत्तरी सीमावर्ती जिल्लहरुमा पनि उल्लेख्य मधेशीहरु बसोबास गरिरहेका छन् । तर यी मधेशीहरु जो यहाँका धरतीपुत्र हुन्, उत्तरका पहाडीहरु र दक्षिण पूर्व तथा पश्चिमका नेपाली मूलका भारतीयहरु तथा भारतीय मूलका मधेशीहरुको दोहोरो चपेटामा परेका छन् । विगतमा नेपाली भाषी भनेर मेचीपारी र महाकाली पारीका मानिसलाई मधेशमा बस्न प्रोत्साहन गरियो । त्यस्तै पुस्तौंदेखिका नेपाली मधेशीहरु गएको पाँच दशक यता नेपाल प्रवेश गरेका भारतीय मूलका नागरिकहरुबाट आर्थिक, सामाजिक र राजनैतिक रुपले शोषित छन् । पहाडबाट खटाइएका विर्तावालहरुको बसोबास र हैकमले मधेशीहरुको मौलिक परिचयमा ठूलो व्यवधान आएको छ । यस तथ्यलाई इन्कार गरेर कुनै पनि श्रृङगारिक समाधानबाट अर्को आन्दोलनको मुनालाई मास्न सकिंदैन ।

वन र अन्नका धनी मधेशका मूल वासिन्दाहरुको सामाजिक, आर्थिक पछौटेपन कसरी भयो त ? मधेशका जल, जमिन र जङ्गलमाथि कसको स्वामित्व बढी कायम छ ? कहाँ बन्धक छ मधेशीहरुको भविष्य ? कसरी सम्भव छ आन्तरिक औपनिवेशीकरणको समाप्ति ? असन्तुलित भएको सामाजिक संरचनालाई मधेशमा कसरी ट्र्याकमा ल्याउने ? यस्ता पक्ष प्रश्नहरुको जवाफको खोजी नगरिंदासम्म मधेशीहरुको भविष्यको प्रत्याभूति हुन सक्दैन ।
मधेशका जिल्लाहरु जनभारले लादिएका छन् । नेपाली भूभागको २३.१ रहेको मधेशमा जनसङ्ख्या ४६.७ प्रतिशत रहेको छ । मधेशलाई दरबार, राणाहरु र शासकवर्गले उपनिवेशको रुपमा उपयोग गर्दै उर्वराभूमि जागिर, विर्ता, बक्सिस, नजराना, बकस, दानदाइजो आदिको रुपमा दिइँदै आएको हो । मधेशका क्षेत्रहरुमा बसोबास कम्पनीहरु खडा गरेर सुकुम्बासी आयोगहरु खडा गरेर, बस्ती विकास कम्पनीको नाममा राजनैतिक पीडितको नाममा राजा तथा राजपरिवारका सदस्यहरुको नाममा गाउँ शहरहरु बसाएर, बर्माबाट विस्थापितहरु, भारतका विभिन्न राज्यहरुबाट धपाइएकाहरु, भुटानबाट आएकाहरुलाई बसाएर मधेशमा मधेशीहरु नै विस्थापित हुने परिस्थितिका घटनाहरु बाहिर आएका छन् । चितवन, मोरङ र झापाजस्ता जिल्लाहरुमा आन्तरिक औपनिवेशिकरणले गर्दा मधेशी समुदाय अल्पसङ्ख्यकमा पुगिसकेका छन् ।

भोलि मधेशी परिचय र मान्यताको समस्याबाट मुक्त हुन सक्लान्, सहभागिता एवं प्रतिनिधित्वको सवाललाई सम्बोधन गर्न सकिएला, भाषा र भेषले सम्मान पाउँला तर दुईटै तिरबाट भएको भइरहेका जनसाङ्ख्यीक अतिक्रमणको दुष्परिणामहरुको समायोजन कसरी गर्न सकिएला ? यसको उत्तरविना बाँकीका प्रयासहरु प्रभावकारी र परिणामुखी हुन सक्दैन ।

**<u>को हुन् मधेशी</u>** ?

मधेशी जनअधिकार फोरम नेपालको घोषणा-पत्र, २०५४ मा “मधेश र मधेशी” लाई परिभाषित गर्दै भनिएको छ -

"भारतको पश्चिम बंगाल, बिहार र उत्तरप्रदेश राज्यको सीमासंग जोडिएको नेपालको दक्षिणमा रहेको समथर भूमि अर्थात गंगा नदीका सहायक नदीहरुले बनाएको पूर्व देखि पश्चिम सम्म फैलिएको मैदानी समतल भू-भागलाई तराई (Plan Land) अर्थात मधेश भन्दछन् ।

मधेशलाई दून वा भित्री मधेश (Inner Terai) र बाहिरी मधेश (Outer terai) गरी दुई भागमा बाँडिएको छ । भित्री मधेश अर्न्तगत शिवालीक अथवा चुरे पहाडको उत्तरी तर्फ पर्ने सिन्धुली, उदयपुरको दक्षिणी भाग मकवानपुर र दाङ जिल्लामा फैलिएको मैदानी क्षेत्र पर्दछ । अर्को तर्फ बाहिरी मधेशमा झापा, मोरङ, सुनसी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लाहरु पर्दछन् ।

मधेशमा मैथिली, भोजपुरी, हिन्दी, अवधी, उर्दु, बंगाली, सन्थाली, थारु, राजवंशी आदि भाषा-भाषिहरु हजारौं वर्ष देखि बसोवास गर्दै आइरहेका छन् । यहाँ हिन्दु, ईस्लाम, बौद्ध, प्रकृतिपूजक, शिख, जैन, क्रिश्चियन, किराँत आदि धर्म मान्ने धर्माबलम्बीहरु हुन् । यहाँ थारु, यादव (अहिर), मुसलमान, मारवाडी, कोइरी, तेली, सुडी, कलवार, चाँई, कैवरथ, हलुवाई, मुसहर, बाँतर, झाँगड, नाई (हजाम), निषाद, किसान, कानू, ब्रामहण, राजपूत, भूमिहार, कायस्थ, वैश्य, धानुक, लोहार, दुसाध, तत्मा, चिडिमार, कहार, धुनिया, कमार, लोध, केवट, शिकारी, रौनियार, रस्तोगी, राजधोव, सतबरीया, सोनार, कुश्मा, मुण्डा, बंगाली, शिख, सन्तार वा सन्थाल, राजवंशी, धिमाल, गनगाई, ताजपुरिया, डोम, चमार, मेहत्तर, कथवनिया, नूनिया, धोवी, कुर्मी, अमात, कुशवाडीया, खतवे, माझी, माली, कुम्हार,, मेचे, दनुवार, बढई, बरई, राजभार, गडेरी, सन्यासी, आदि जात । जातिह आदिकाल देखि नै बसोवास गर्दै आईरहेका छन् । जसलाई सामूहिक रुपमा मधेशी अथवा मधेसिया भन्दछन् । यसका अन्य समुदायहरु भन्दा पूरक आफ्नै भेषभूषा, भाषा, साहित्य, संस्कृति, कला र पहिचान छन् ।

नेपालको कुल भूभागको २३ प्रतिशत भूमि तराईमा पर्दछ । यसको माथिल्लो भागलाई भावर भनिन्छ । यसको उत्तर दक्षिण चौडाई सरदर २० माईल तथा पूर्व पश्चिम लम्बाईए लगभग ५०० माईल छ । नदी नालाहरुले युक्त यो प्रदेश निकै उब्जाउ भएको हुँदा यसलाई नेपालको खाद्यान्न भण्डार पनि भनिन्छ । प्राकृतिक साधन स्रोत उर्वरा भूमि तथा प्रसस्त श्रम शक्तिले परिपूर्ण रहेको नेपालको मधेशबाट देशको कुल आमदानीको ८० प्रतिशत आम्दानी प्राप्त हुन्छ । मुलुकको राष्ट्रिय आयको ७६ प्रतिशत राजश्व मधेसबाट नै सरकारलाई प्राप्त हुन्छ । तर पनि यहाँका मुलनिवासीहरु अत्यन्त गरिब, दरिद्र, अशिक्षित, बेरोजगार र उत्पीडित रहेका छन् । यहाँका मधेशीहरु खस शासक वर्गद्वारा राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक शोषणको साथै असमानता तथा जातीय, वर्गीय र क्षेत्रीय रुपले समेत शोषणका शिकार भएका छन् । मधेश र मधेशीको विकासका लागि राज्यले न्यूनतम लगानी गर्दछ । राज्य द्वारा अपनाईएको भेदभावपूर्ण सरकारी नीतिका कारण राज्यबाट नै मधेशीहरु उपेक्षित भैरहेका छन् । आफ्नै मातृभूमिमा पनि मधेशीहरुलाई भारतीय मूल अर्थात "इन्डियन" धोती भाई, मदिसे, मर्षिया जस्ता अपमानजनक शब्दले सम्बोधन गरी अपमानित गर्ने तथा होच्याउने गरिन्छ । विगतमा सरकारद्वारा मधेशीहरुको भाषा, संस्कृति र उनीहरुको राष्ट्रिय पहिचान समेतलाई नष्ट पार्ने षडयन्त्रहरु गरिएका छन् । श्री ५ को सरकाले मैथिली, भोजपुरी, अवधि, हिन्दी, राजवंशी, थारु, दनुवारी, सन्थाली आदि भाषा र बोलीहरुलाई प्रोत्साहन र सरकारी मान्यता दिनुको

सट्टा खश भाषालाई मात्र नेपाली भाषा भनेर मधेशीहरुको भाषा, साहित्य, कला र संस्कृतिलाई समाप्त पार्ने गरी राज्य सत्ताको आडमा जबरजस्ती थोपारिदिने कार्यहरु भैरहेको छ ।"

नेपालको सन्दर्भमा राज्यको पुन:संरचना पुस्तकमा जय प्रकाश गुप्ताले आफ्नो लेख " नेपालको मधेश : संघीय राज्यसंरचनाको मार्गचित्र" मा निम्न अनुसारको अभिव्यक्ति दिनु भएको छ -

नेपालको वर्तमान प्रशासनिक विभाजन एवं संरचनाको आधारमा पूर्वबाट झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कंचनपुर गरी २० वटा जिल्लाहरुलाई मधेश क्षेत्रमा उल्लेख गरिएको छ । यद्यपि यी जिल्लाहरुका उत्तरी सीमावर्ती जिल्लाहरुमा पनि उल्लेख संख्यामा मधेशवासीहरु बसोवास गरे पनि वर्तमान राज्यको प्रशासनीक संरचनामा यस संख्यालाई पृथक राखिएको छ । यही क्षेत्रमा परम्परागत बसोवास गरी आएका विभिन्न जातजातिका गैर नेपाली मातृभाषालाई बोल्ने गैरपहाडी मूलका मानिसहरुलाई मधेशको मूल बासिन्दा "मधेशी" भनिन्छ । मधेशीहरुको आफ्नै मौलिक संस्कृति, धार्मिक आराधनाको शैली, भाषाहरु, भेषभूषा, जीवनशैली र छुट्टै मौलिक पहिचान छ । मधेशीहरु मधेशका आदिवासी हुन् ।

अब तराई होइन, मधेश भनौं । यहाँ भन्न खोजिएको मानव बसोवासको लक्षित प्रदेशको यथार्थ नाम मधेश हो । राज्यको अधिकारिक शब्दकोशले तराईलाई पहाडमुनिको फराकिलो समतल भू-भाग भनेको छ । यसलाई झोडा वा खोरिया भनेपनि हुन्छ । जसको अर्थ जंगल फाडेर तत्काल बनाइएको क्षेत्र पनि हो । मिथिला , सिमरौनगढ तथा कपिलवस्तु जस्तो प्रागऐतिहासिक मानव बसोवासको क्षेत्रका लागि यथार्थमा तराई होइन "मधेश" वास्तविक सम्बोधन हो ।

हाल पहाडी समुदायका आदिवासी तथा जनजातिहरुले धार्मिक रुपमा पहाडी हिन्दूजात समूहसंगको पृथकतालाई सिद्ध गर्न खोजेको छ । त्यहाँका प्राय: आदिवासी तथा जनजातिहरुको हिन्दू धर्मसंग आवद्धता देखिन्न, जबकि मधेशमा यो अवस्था छैन । मधेशका आदिवासी जनजातिमा थारु, राजवंशी, कोच, धिमाल, गनगाई, दनुवार, किसान, ताजपुरिया आदि परम्परागत रुपमा हिन्दू धर्मकै आबद्धतामा रहेका छन् । तसर्थ पहाडी समुदायमा देखिएको पृथक पहिचानको खोजी झै मधेशमा हिन्दु जात समूहकालाई मात्र मधेशी मान्नु र आदिवासी जनजातिहरुलाई मधेशी नमान्नु गलत हो । मधेशको धार्मिक र सांस्कृतिक अन्तर्आबद्धतासहित मधेशी भन्नाले संकुचित धार्मिक र जातीय समूहभन्दा पनि समेकित सांस्कृतिक समूहको रुपमा बुझ्नुपर्दछ ।

नेपालको अन्य जातजातिका (Cast and ethnic areas) क्षेत्रझै मधेश पनि सांस्कृतिक , धार्मिक, भाषिाक तथा जनजातिको रैथाने घरको रुपमा विविधतायुक्त छ । हालसम्मका जनगणनाहरुलाई हेर्दा मधेशका सबै जातजातिहरुको बैज्ञानिक लगत लिइएको देखिदैन ।

सन १९९१ को जनगणनामा पूरै मुलुकबाट ५९ वटा जातजातिलाई सूचीकृत गरिएकोमा सन् २००१ मा यो संख्या एक सय बृद्धि भएको छ । सन् १९९१ मा मधेशका जातजातिको संख्या २९ रहेकोमा यो संख्या सन् २००१ मा ५० पुगेको छ ।

पहिलो पटक मुलुकभित्रका विभिन्न जाजातिहरको विवरण उल्लेख गरिएको सन् १९९१ र सन् २००१ दुवै जनगणनामा स्पष्ट रुपमा मधेशका जातजाति भनी किटान गरिएको छैन । सन् २००१ को जनगणनामा नाम उल्लेख नगरी तराईको जातजातिको संख्या ५० भनिएको छ । स्वतन्त्र क्षेत्रका कतिपय तथ्यांकहरका अनुसार भित्री मधेश र मधेशका जातिमा १३वटा तथा मधेशका मात्र जात भनी ४४ वटा र अन्यमा तीन वटा (बंगाली, मुसलमान र शिख) समेत गरी ६० टा जाजातिलाई मधेशको भनिएको छ । राष्ट्रिय जनगणना २००१ मा उल्लेखित अज्ञातसमेतका गरी एक सय तीन जातजाति बारे विचार गर्दा मधेशका जातजातिको कुल संख्या ५९ हुन आउँछ ।

डोरबहादुर विस्टले "सबै जातिको फूलवारी" पुस्तको पृष्ठ ८३ मा मधेशीका सम्बन्धमा आत्मपरक शैलीमा यसरी भनेका छन-

हामी मध्यपूर्व तराईमा बस्नेहरुको भाषा मैथिली, भोजपुरी र केही मात्रामा वंगाली अनि पश्चिम-तरईमा बस्नेहरुको भाषा अवधी हुन्छ । राष्ट्र भाषा नेपाली त सबैजसोले बुझ्ने र केहीले बोल्न पनि जानेकै हुन्छन् । मधेशको मैदानी फाँटको बसाई, गर्मीको घाम, तातो हावा र धूलो, वर्षाको हिलो र झरी आदि कारणले गर्दा हाम्रो रहनसहन, घर र गाउर बसाउने तरिका आदि पहाडको भन्दा निकै फरक छ । बाघ, भालु, हात्ती, गैंडा र गोमन सर्प आदि जस्ता भयंकर जंगली जनतुहरु भएको घना जंगल फाँड्दै खेती गर्दै अनि प्रत्येक वर्ष औलों र अरु डरलाग्दा रोगहरुसंग मुकाबिला गर्दै यी वस्तीहरु हाम्रा पुर्खाहरुले बसाई आएका हुन । यी वस्तीहरुमा हालसालै मात्र केही आधुनिक सुविधाहरु उपलबध हुन थालेका हुन, पूर्व पश्चिम राजमार्ग र त्यसमा जोडिने अत्तर दक्षिण सहायक मार्गहरु धमाधम बन्दैछन् । सहर बजारका सडकहरु पक्की हुदै छन् । भद्रपुर, विराटनगर, राजविराज, जनकपुर, वीरगंज, कलैया, भैरहवा, नेपालगंज आदि मुख्यमुख्य सहरहरुले विजुलीबत्ती, अस्पताल, कलेज र हाई स्कूलहरु तथा कलकारखानाहरु धमाधम पाउन थालेका छन् ।

यस्ता सुविधाहरु बढ्दै जानाले र रोगव्याध, वन्यजन्तु आदिको डर हराएकोले आजकाल यी क्षेत्रहरुमा अधिराज्यका सबै भागका मानिसरुको ागतजावत तथा बसोवास दिनदिनै बढ्न थालेको हो । सबै जातको फूलावरी बनाउने पृथ्वीनारायण शाहको सपना साँच्चिकै आजकाल यहाँ आएर साकार हुदैछ । आधुनिक सुविधा नहुनाले हामीलाई हरेक कुराका लागि सीमापरि भारत जानुपर्थ्यो । हाम्रो रहनसहन, लेनदेन, कारोवार आदि भारतीयहरुसंग नै बढी हुन्थ्यो । अनि कहिलेकाही त पहाडमा बस्नेहरुले हामीलाई र भारतीयलाई समेत नछुटयाई मधिशे भन्ने गर्दथे । त्यसबेला हाम्रो चित्त दुख्नु स्वाभाविक थियो । आजकाल मात्र हो सांच्चि नै पहाडी र मधिशेहरु आपसमा बिहेवारी समेत गर्दै बढी मात्रामा उठबस गर्नु थालेका । अब आपसको शंका र टाढापन हराएर सामीप्य बढ्दै आएको छ । सानोभन्दा सानो कुराका लागि पनि सीमापारि जानै पर्ने स्थिति रहेसम्म हामीलाई उत्तातिर सम्बन्ध नबढाई सुख्खै थिएन । बरु अधिराज्यका बाँकी भागका मानिससंग सम्बन्ध बढाउनु पर्ने अनिवार्यता थिएन । पुराना सरकारहरुले यस्तो सम्बन्ध बढाउने तर्फ कुनै प्रोत्साहन पनि दिएका थिएनन् । बरु साँच्चि भनौं भने आफ्नो राजनैतिक स्वार्थसिद्ध गर्न खोज्नेहरले पहाडी र मधिशे भनेर एकअर्का पति अविश्वास जगाउने साम्प्रदायिकता पो बढाइदिए ।

"नेपाली मधेशीका समस्या चार विचार" पुस्तकमा डा. हरिवंश झा ले "मधेशी समुदाय : सामाजिक र आर्थिक अवस्था" (पृष्ठ ३६) मा लेखेका छन् ।

"तराई भूभागमा बस्ने मधेशी समुदायको आफ्नै गौरवमय इतिहास, कला, संस्कृति र अर्थव्यवस्था छ । यहाँका निवासीहरुको खानपीन, रहनसहन, विहावारी, बोलीचाली, अनुहार, खेतीपाती आदिको तरिका पहाड तथा हिमाली क्षेत्रका बासिन्दा भन्दा स्वभाविक रुपमा फरक छ । मधेशी समुदायको सामाजिक अवस्था नेपालको अन्य भूभागका जनताभन्दा भारतको सीमावर्ती राज्य बिहार, बंगाल तथा उत्तर प्रदेशको जनतासंग बढी मिल्दछ ।

तर हालका वर्षहरुमा नेपालमा बाटोघाटो, संचार, शिक्षा, स्वास्थ्य, रोजगारी आदि क्षेत्रको विकास भएकोले एक भूभागको जनताको अर्को भूभागको जनतासंगको अन्तरसम्बन्ध बढेको हुरदा मधेशी समुदायको सम्बन्ध नेपालका अन्य भूभागको बासिन्दा संग उत्तरोत्तर रुपमा अभिवृद्धि भईरहेको छ । यो परिवर्तन राष्ट्रिय एकताको अनुकुल हो ।

उक्त पुस्तकको (पृष्ठ ४४) मा अमरेश नारायण झा ले "मधेशमा राज्यको लगानी : पक्षपातको नमूना" शीर्षक लेखमा भन्नु भएको छ -

"भौगोलिक दृष्टिले तीन श्रेणीमा विभाजित नेपालको एउटा भाग जो इतिहासमा मधेशको नामले प्रचलित रहँदा पनि यसलाई तराई भनिन्छ, त्यसको जहाँ आफ्नै विशेषता रहेको छ भने अवर्णनीय वारुण व्यथा पनि छ । मध्यदेश वा मत्स्थ देशको अपभ्रंश रुप मधेश को । ऐतिहासिक आरोह अवरोहबाट पृथक भै नेपालको वर्तमान राजनीतिक , सामाजिक र भौगोलिक स्वरुपमा केन्द्रीत भै विचार गरिएमा पूर्वमा मेची र पश्चिममा महाकाली नदी बीचको समतल भूभाग नै मधेश हो । मधेशमा बसोवास गर्ने आदिवासी जसको आफ्नै खास भाषा, संस्कृति, भेषभूषा, रहनसहन र परम्परा छ । त्यसलाई मधेशी भनिन्छ । तर मुलुकका नीतिनिर्माण र सरकारले मधेश प्रतिको वक्त दृष्टिवश मधेशका आदिवासी मधेशीलाई अल्पसंख्याक बनाउने सुनियोजित एवं भेदभावपूर्ण नीति अनुसार मधेशमा गोर्खाली मूलका शासकवर्गका सदस्यहरुको बसोवास अप्रत्याशित रुपमा बढ्दै गएको छ र त्यसको परिणाम अनुसार मधेशका कतिपय जिल्लाहरमा आदिवासी मधेशी अल्पसंख्यकको श्रेणीमा आउन बाध्य भएका छन् ।
"मधेशी वाणी" २०६० मा उपेन्द्र यादवले निम्न अनुसार अर्थ्याउने प्रयास गरेका छन् -

"मधेश" शब्द संस्कृत भाषाको "मध्यदेश" शब्दको अपभ्रंश हो जसको अर्थ नै हुन्छ बीचको देश । बीचको देशको तात्पर्य आर्यहरु बसोवास गर्ने भू-भाग अर्थात वर्त को वीचको देश हो अथवा हिमालय पर्वतको तल्लो क्षेत्रको दक्षिण र विध्यंपर्वत श्रृंखलाको उत्तरको समतल भूभागलाई मध्यदेश भन्दछन् । जसरी " सिधु" शब्दलाई "इण्डस" र यस शब्दबाट "इण्डिया" शब्दमा परिणत भयो जसबाट " हिन्दुस्तान" शब्दको निर्माण हुन गयो ठीक त्यसै प्रकार नेपाल भारतका मानिसहरुले "मध्यदेशीय शब्दलाई मधेशीय वा मधेशीया शब्दमा तथा "मध्यदेश" शब्दलाई मधेश वा मधेश शब्दमा परिणत गरेका हुन  यस क्षेत्रका निवासीहरुलाई मधेशी भनिन्छ । हिन्दू समाजका प्रर्वतक मनुले पनि मध्यदेशको वर्णन गरेका हुन् । वृहत मध्यदेशको वर्णन बौद्धहरुको धर्मग्रन्थ "विनय-पिटक" मा पनि पाईन्छ ।

ईसापूर्व छैठो शताब्दिमा उत्तर भारत तथा वर्तमान नेपालको दक्षिणी समतल मैदान तिर बौद्ध धर्मको प्रचार भइरहेको थियो । त्यसैबेला गंगा र यमुनाको मैदानी भागमा बसोवास गर्ने कट्ट र बाहुनहरुले बौद्ध धर्मलाई त्यस क्षेत्रबाट विस्थापित गराएर अम्बालादेखि प्रयाग सम्मको मैदानी भागलाई मध्यदेश भन्ने नाम दिए । यही शब्द पछि विकृति भएर मधेश भएको झलक पाइन्छ । नेपालको पहाडी क्षेत्रका निवासीहरुले पनि बिहार र अवधको समतल

मैदानलाई मात्र हैन आफ्नै देशको तराई क्षेत्रलाई पनि मधेश भन्न थाले । अचेल मधेश शब्द नेपालको तराई क्षेत्रलाई नै बुझाउने विशिष्ट शब्द भएको छ । यहाँ बसोवास गर्ने जातिलाई कालान्तरमा मधेशी भनियो । गोपालसिह, नेपालीले पनि मधेशको यो जातिलाई मधेशी संस्कृति समूह भनेका छन् ।

जीतेन्द्र देवले विश्लेषण पाक्षिक (वर्ष, २३, अंक ९) मा राज्य पुनर संरचनाको सन्दर्भमा एक मधेशको सवाल " भन्ने लेखमा लेखेका छन् - "जहासम्म ऐतिहासिक र सांस्कृतिक एकरुपताको प्रश्न छ , मधेश भनेकै मधेशीहरुको जन्मथलो र कर्मथलो हो । यस भू-भागमा मधेशीहरु प्राय-ऐतिहासिक काल देखि नै बस्दै आएका छन् । जसको इतिहास दस लाखवर्षभन्दा पनि पुरानो छ । मधेशीहरु एउटै ऐतिहासिक इकाई हुनुको साथै पूर्व देखि पश्चिमसम्म समान संस्कृति, खान पान र कलाकृति भएको समुदाय हो । पूर्वको थारु र पश्चिमको थारु वा पूर्वको यादव वा ब्राहमण वा पश्चिमको यादव वा ब्राहमण एउटै संस्कृति र मनोविज्ञानमा बाँधिएका छन् । जातीय हिसाबले नै पनि बिहावारी र नातागोतामा बाँधिएका छन् । जनसंख्याको हिसाबले पनि मधेश भनेको नेपालको पूरै जनसंख्याको आधा भागलाई प्रतिनिधित्व गर्छ र जनघनत्वको हिसाबले एउटा राज्यको रुपमा रुपान्तरण गर्न पूर्व आधार अर्न्तनिहित छ । त्यस्तै प्रभु साहले नौलो विहानी (वर्ष ९ अंक १) मा मधेशी समस्या र स्वशासनको प्रश्न भन्ने लेखमा आफ्नो अभिमत राख्नु भएको छ -

मधेश क्षेत्रमा प्रानीनकाल देखि बसोवास गर्दै आएका मधेशी समुदायको भाषामा विविधता देखिएतापनि मूलभूत रुपले भाषिाक एकरुपता नै रहेको स्पष्ट छ । यो क्षेत्रमा प्रचलनमा रहेका भाषाहरुमा तात्विक एकरुपता छ । आर्थिक उत्पादनमा शैली र साधनको प्रंयोगमा सारभूत रुपले एकरुपता देखिन्छ । आफ्नै किसिमका साझा संस्कृतिमा व्यक्तिको मनोविज्ञान रहेकाले मधेशी एउटा राष्ट्र हुने कुरामा कुनै शंका नै रहदैन ।

उनीहरुले गैरहिन्दूलाई मात्र आदिवासी बुझ्ने र हिन्दु भन्ने वित्तिकै शासक जाति जस्तै भारतीय बुझ्ने एउटा गलत अवधारणा बिद्यमान छ । अर्कोतिर मधेशी समाज बाहुन, क्षेत्री, बैश्य र शुद्र वर्णका जाति (Caste) मा विभाति छन् । मधेशमा पहाडबाट आएका पहाडी बाहुन, क्षेत्री, जनजाति लगायत दलित, जातिहरुका थोरै बसोवास छन तर उनीहरु वर्तमान राज्यसत्ता बाट उत्पीडित छैन । यहाँ त मधेशी जातिका जनसमुदाय मात्र वर्तमान राज्यसत्ताबाट अत्पीडित छन । अर्थात मधेशमा बसोवास गर्ने अन्य पहाडी जनजाति समुदाय भन्दा फरक रहेको स्पष्ट हुँदाहुदै पनि मधेशी समस्यलाई जातिय समस्याको पमा बुझ्न असमर्थ रहदै मधेश र मधेशीलाई अलग अलग बुझि मधेशी माथिको जातीय उत्पीडनलाई अस्वीकार गर्दछ र मधेशीलार्य छुट्टै जाति (Nation) को रुपमा मान्न तयार हुदैन । जहाँसम्म मधेशमा विभिन्न जातिहरुको बसोवासको कुरा हो । हो, निश्चित रुपमा मधेश समतल भूभाग र उर्वर भूमि भएकोले ऐतिहासिक कालदेखि द्रविड र आर्यको अन्तर्घुलनका कारण अलग विशेषता कायम रहेको छ । साथै यसमा अलग अन्य जातिको पनि उपस्थिति विद्यमान छ र यो स्वाभाविक पनि हो । यो भारतीय उपमहाद्विपमा विशेषतः नेपालको विशेषतामा मगरात क्षेत्रका मगरहरु मेची, कोशीमा पुगी बसोवास गरेका छन् । त्यसैगरी तामाङ्ग क्षेत्रका तामाङ्गहरु पश्चिमी नेपालको विभिन्न जिल्लामा स्थायी बसोवास गरिरहेका छन् । अर्थात नेपालमा बसोवास गर्ने नेपालका कुनै पनि जातिका समुदाय आफ्नै स्वायत्त प्रदेशभित्र मात्र सिमित छैन । हो, थुप्रै जाति, जनजातिका खास खास प्रदेशहरुमा घनिभूत बस्तीहरु हुदाहुदै पनि ती जाति जनजातिका जनसमुदायहरु नेपालका अन्य

ठाउँहरमा छयासमिस भई बसिरहेका देखिन्छ । यसरी मधेशमा अनय जातिको स्थायी बसोवास नभउको चाहि पक्कै होइन तर मधेशमा ऐतिहासिक कालदेखि मधेशीहरुकै ऐतिहासिक राज्य रहेको कुरा जगजाहेर नै छ ।

त्यस्तै जयप्रकाश गुप्ताको समावेशी लोकतन्त्र पुस्तकमा समावेशी लोकतन्त्रको रुवरुप र संरचनामा मधेशी सवाल "शीर्षक अन्तरगत आफ्नो अभिमतलाई निम्न रुपमा प्रंस्तुत गर्नु भएको छ -

मधेशका मानिसहरुले मधेशी पहिचानका आधारमा सामाजिक आर्थिक र राजनीतिक हक पाउनु पर्दछ भन्ने माग उठानका साथ केही व्यक्तिहरुले कसलाई मधेशी भन्ने ? त्यहाँ बस्ने पहाडिया मूलकालाई किन नभन्ने जस्ता कुराहरु, मुसलमानलाई कसरी मधेशी भन्ने, जनजाति र दलित कसरी मधेशी हुने । मारवाडी तथा पंजाबी कसरी मधेशी जस्ता भ्रमात्मक कुराहरु उठाउने गरेको पाइन्छ । वास्तवमा समग्र नेपालका झै मधेशको संरचना पनि बहुभाषिक, बहुजातीय र बहुधार्मिक प्रकारका छ । तर जीवनयापनका प्रक्रिया तथा परम्परागत बसोवासको एकल क्षेत्र एवं सांस्कृतिक सहाकार्यको आधारमा जुनसुकै भाषा, धर्म र अनुहारको मधेशी भए पनि तिनीहरु पहाडी मूलको भन्दा पृथक र मधेशीको रुपमा सदृश्य छन् । पहाडीमूलका मानिसहरु मधेशमा तराईको सिर्जना गरी बसोवास गरेको हुन । मिथिला, सिमरौनगढ तथा कपिलवस्तु जस्तो प्राग ऐतिहासिक मानव बसोवासको क्षेत्रका लागि यर्थाथमा तराई होइन, मधेश बास्तविक सम्बोधन हो । त्यहाँका मूल वासिन्दा मधेशी हुन । यसमा मधेशका थारु, मुसलमान, जनजाति समूहमा पारिएका अनुहारहरु, हिनदू र जैन दुवै धर्म मान्ने मारवाडीहरु तथा शिख धर्म मान्ने फजाबीहरु सबै मधेशी हुन । नेपालको वर्तमान मधेश वि.सं. २०१६ सालपछि मुलुकको उत्तरीक्षेत्रहरुबाट भएको अप्रवासनको क्रममा सुकुम्बासीहरुले फाडेको झाडी होइन, नत कामको खोजीमा भारतीय राज्यहरुबाट आई फाटफूट रुपमा बसेको एकाध टोल नै हुन- मधेश राज्यले यस प्रदेशको त्यो पौराणिक मौलिकता नझल्कोस भनेर यसलाई नियतवस तराई भन्दछन् । अब हामी यस भागलाई नेपालको मधेश भनौं ।

आन्तरिक औपनिवेशिक शोषण तथा उत्पीडनलाई कायम राख्न अन्य षडयन्त्र जालझेलका अतिरिक्त राणाकाल र पंचालयतकाल देखि नै मधेशीहरुलाई जात/जाति, भाषा र धर्मको नाममा फुटाउने, एक आपसमा लडाउने र कमजोर पार्ने कार्य पहाडीया शासक बर्गले गरी आएका छन् । थारुलाई आम मधेशीबाट अलग्याएर कमजोर एवं एक्लो पारी शोषण गर्नु, मुसलमानहरुलाई धर्मको नाममा भारतीय संविधानको एक अनुसूचीमा अल्पसंख्यक भनिए झै अल्पसंख्यकको पृथक अस्तित्वको लोभ देखाएर फुटाउनु, भोजपुरी, अवधि र मैथिली भाषा भाषीहरुका बीच द्वन्दको सिर्जना गराउनु, दलित मधेशीलाई आम मधेशीको विरुद्ध उचालेर प्रयोग गर्नु, राजवंशी, गनगाई, धिमाल, सन्थाल आदिलाई गैरमधेशीको रुपमा प्रस्तुत गर्नु, कोसीपूर्वको मधेश भूमिलाई मधेश भनी स्वीकार नगर्नु, मधेशीहरुको भूमिकब्जा गरेर सुकुम्बासी, राजनीतिक पीडित, पुनर्वास कम्पनी आदिको नाममा गैरमधेशी अर्थात पहाडियाहरुलाई बसाईनुजस्ता गतिविधिहरु राज्यले शब्दातीयौ देखि गर्दै आइरहेका छन् । यर परिस्थितिको अन्त्यका लागि मधेशी सांस्कृतिक समुदायभित्रका सबैलाई मधेशीको रुपमा मान्यता दिनुपर्दछ ।

उपरोक्त अभिमतहरुको आलोकमा "मधेश र मधेशी" शब्दबाट प्रकट हुने अभिप्रायलाई बोध गर्न सकिन्छ । संक्षेपमा भन्नु पर्दा मधेश एउटा भूगोल मात्र हैन, सांस्कृतिक परिचय पनि राख्दछ । मधेशीहरुको सांस्कृतिक मौलिकताले गर्दा उनीहरुलाई पहाडियाभन्दा फरक पार्दछ । तर यो पनि तीतो सत्य हो, पहाडिया पहिचान मात्र नेपाली पहिचान हो,

पहाडिया मूलकाहरु मात्र नेपालका वास्तविक वासिन्दा र राष्ट्रवादी हुन, पहाडिया भएकै आधारमा सत्ता, स्रोत र साधनमा सहज पहुँच हुने विद्यमान परिस्थितिले गर्दा पहाडिया इतरका समुदायले आफ्नो पहिचान प्रतिको निजत्व प्राप्त गर्न खोजेका हुन । सिमावर्ती विहार र उत्तर प्रदेश राज्यका वासिन्दा मधेशीहरु जस्तै सांस्कृतिक पहिचानका भएतापनि उनीहरु आफूलाई मधेशी भनेर चिनाउदैनन् । नेपालको परिप्रेक्ष्यमा ती सांस्कृतिक समूहकालाई पहिचानको संकट व्यहोर्नु परिरहेको हुनाले पृथक पहिचानको खोजी र संघर्ष गरिएको छ ।

मधेशमा बसोवास गर्ने पहाडीमूलकाहरु तराईवासी हुन, नकि मधेशी, मधेशी समुदायको पहिचान भईसकेपछि त्यसले व्यहोर्नु परिरहेको विभेदलाई बुझ्न सजिलो हुन्छ ।

**मधेशी महिला**

राजनीतिक, खेल, पत्रकारिता, कला, शिक्षा, चिकित्सादेखि, इन्जिनियरिङ्ग सम्मको क्षेत्रमा मधेशी महिलाहरुले पहुँच बनाउन थलेका छन् । अब समय आईसकेको छ , मधेशी महिलाहरुको घुम्टोमा छोपिएको भन्दा फरक अनुहारको पहिचान गरियोस, यसरी अवसरलाई अपनाउने महिलाहरुमध्ये बहुसंख्यक परम्परावादी मध्यवर्गीय परिवारबाट निस्केकी छिन, जसका अभिभावकले यिनीहरुलाई उचित शिक्षाको बन्दोवस्त गरेका थिए ।

मधेशमा परिवर्तनको यो पदचाप शहरी क्षेत्रमा मात्र नभई ग्रामीण भेगमा पनि प्रारम्भ भईसकेको छ । यी महिलाहरु मधेशी महिलाको स्टिरियोटाइप इमेजलाई समाप्त पारिरहेकी छिन् । घरको चौखट र घुम्टोभन्दा बाहिर प्रवेश गरीकी मधेशी महिलाहरु प्रतिस्पर्धामा, पहिरनमा अरु समुदायभन्दा फरक देखिएका छैनन् । उनीहरुले आफूले रोजेको क्षेत्रमा अस्तित्व स्थापित गरेकी छिन् । ठाकुर राम क्याम्पसकी उपप्राध्यापक सुषमा तिवारी भन्छिन- तर पनि मधेशी महिलाको छवि बोक्सी र घुम्टोभन्दा बेग्लै देखिएको छैन । संचारले पनि सनसनी खोजको नाममा मधेशी महिलाको अनौठो छवि मात्र पस्किरहेका छन्। हो घुम्टो मधेशी महिलाको यथार्थ हो, तर यो नै मात्र होइन ।

आउने समय महिलाहरुको लागि अवसरको समय हो भन्दै जनचेतना जागरण अभियानका निभा सिंह भन्नुहुन्छ- मधेशी महिलाहरुलाई यसको फाइदा उठानको लागि अध्ययनमा बढी जोड दिनुपर्दछ । मधेशी महिलाहरुमा अनुभव गर्न थालिएको छ कि पढाई उनको कैयौं समस्याको समाधान हुन सक्दछ । आधुनिक शिक्षणको नै परिणाम हो कि मधेशी महिला विभिन्न क्षेत्रमा आफ्नो प्रतिभाको प्रदर्शन गर्न थालेकी छिन । आफ्नो अधिकारका लागि आवाज उठाउन थालेकी छिन । विगतका कष्टप्रद अनुभवहरको पीडा सहने महिलाहरुको यतिबेलाको सफलताले महिलाभित्रको विशिष्ट क्षमताको बोध सर्वत्र गरिन लागिएको छ । १६ वर्ष मै बिहे र १७ वर्षमा छोरी पाएकी उपप्राध्यापक सुषमा तिवारीको अमित छ- आत्मविश्वास हुनु पर्छ, सफलता आफै आउँछ ।

आम नेपाली महिलाभन्दा फरक अवस्था मधेशी महिलाको छैन । तर पनि पहाडी समुदायभन्दा अलि बढी परम्परावादी मानिने मधेशी महिलाहरु समक्ष चुनौतीको पहाड कम अग्लो छैन । कवियित्री मीरा चौधरीको भनाई छ- सफलता रेडिमेड तवरमा कहिल्यै पनि प्राप्त हुदैन । त्यसका लागि श्रम र बुद्धि खर्चिनु पर्दछ नै । आफ्नो कामप्रतिको अटूट निष्ठाले पनि सफलतातिर डोऱ्याउँछ ।

भाषिक समस्याले गर्दा नेपाली साहित्यमा तगारो बुझनेले क्षेत्रीय भाषामा आफ्नो प्रतिभाको प्रस्फुटन गर्न सक्ने गुन्जायस रहेको मीराको धारणा रहेको छ । महिला मात्र बलियो हुँदा समाज बलियो हुन्छ वा पुरुष मात्र बलिया हुँदा समाज बलियो हुन्छ भन्ने मान्यतामा म छैन । तर समग्रमा महिला बलियो हुँदा त्यसबाट परिवार बढी लाभान्वित भएको हामीले आफ्नै अनुभवबाट पनि महसुस गरेका छौं । नेपाल सद्भावना पार्टी (आनन्दी देवी) का संयुक्त महामन्त्री अनिल कुमार झा भन्नु हुन्छ- महिला सशिक्तकरण प्रति उदार दृष्टिकोण राख्ने उनी जस्ता पतिहरु अब मधेशी समुदायमा कम छैनन् । झाले विवाह पछि नै श्रीमतिलाई पढाईका लागि प्रोत्साहित गर्दै आएका हुन ।

राजनीतिमा स्थापित भएकी चित्रलेखा यादव जस्ता महिलाहरुको संघर्षगाथा कम रोचक छैनन् । पत्रकार विजेता चौधरी भन्छिन्- महिलाको लागि घरबाहिर केही गर्न खोज्नु भनेको आफ्नो अस्तित्वको लडाई लड्नु हो, त्यसैले संघर्ष गर्नु स्वभाविक नियति हो । प्रहरी प्रधान कार्यालयमा कार्यरत प्रहरी नायब उपरीक्षक पूजा सिंहको भनाई छ- मधेशका उक्लिसकेका महिलाहरुले अरुलाई हौस्लाउनुपर्दछ ।

सोसाइटी पहिलाभन्दा बढी फ्लैक्जुबल भएको छ, लेखिका अन्जु झा भन्छिन् सीमितवर्गले नराम्रो दृष्टिकोणले हेरे पनि विस्तारै विस्तारै स्वीकार गरिदै गइरहेको छ । काठमाण्डौकी अधिकार कर्मी चन्दा रौनियार बताउँछिन् - मधेशी महिला घरमा पनि सफल हुनुपर्छ र काममा पनि सफल हुनुपर्छ अर्थात दुवैतिर दवाव छ । कान्तिपुर एफ एममा मनोक बात कार्यक्रमका संचालक रुपा झा का अनुसार अभिभावकवर्गमा बढ्दो चेतनासंग छोरी शिक्षामा वृद्धि भएको छ । यसैको कारण हो आज रोजगारीको प्रत्येक क्षेत्रमा महिला अनुहार देखिन थालिएको छ ।

साहित्यकार रामभरोस कापडि भ्रमरले प्राचीन मेधशी समुदाय सांस्कृतिक बैभवले सम्पन्न भएतापनि बीचको अवधिमा शासन सत्ताबाट अलग भएपछि ह्रास आउन थालेको हो । तर प्रजातन्त्र पुनर्स्थापनापछि मन्द गतिमा नै सही अभिभावक वर्गमा सकारात्मक सोध विकसित भएको बताउनु हुन्छ ।

साहित्यकार धीरेन्द्र प्रेमर्षीले बितेका आधा दशकमा मधेशी महिलाको पदचाप सुनिन सकिने अवस्थामा पुगेको भन्ने अभिमत राख्नुहुन्छ ।

२०४६ साल पहिला मधेशी महिलाको साक्षरता दर कम रहेको तथा रोजगारीको क्षेत्रमा पनि शिक्षणजस्ता कामहरु सम्म मात्र सीमित थियो ।

२०४६ साल पहिला मधेशी साक्षरता दर कम रहेको तथा रोजगारीको क्षेत्रमा पनि शिक्षणजस्ता कामहरुसम्म मात्र सीमित थियो । तर अब नर्सिङ्ग पेशा तिर पनि मधेशी महिलाहरु आकर्षित हुन थालेकी छिन । हिमाल नर्सिङ्ग क्याम्पस वीरगंजकी प्रमुख जयन्ती सिंह भन्नु हुन्छ- मधेशी समुदायबाट पनि सहभागिता बढ्न थालेको छ । यो मेधशी समुदायमा हुन लागेको परिवर्तनको संकेत हो ।

हाल कम्प्यूटर रोजगारीको वृहत्त र भरपर्दो साधनका रुपमा परिचित भएको छ । कम्प्यूटरको प्रयोगमा व्यापकता आएकै अनुपातमा यस क्षेत्रमा संलग्न महिलाहरको संख्यामा पनि बद्धि भएको छ, जसमा मधेशी समुदायका पनि छन् । जनकपुरकी महिला उद्यमी सरस्वती चौधरी बताउँछिन् ।

उद्यमशीलता विशेषज्ञ सृजना श्रेष्ठ भन्नुहुन्छ-बितेका एक दशकमा मधेशी महिला उद्यमीहरुको अवस्थामा गतिशीलता आएको छ । तर स्पष्ट सरकारी दृष्टिकोणको अभावमा जुन गतिमा महिला उद्यमीहरुको विकास हुनुपर्ने हो त्यसरी भएको छैन ।

मधेशी महिलाहरुको सुधार नगरी केवल आफ्नो वर्गीय समूह बनाएर मात्र मधेशी समुदायको उत्थान र उन्नति हुन सक्दैन । लेखिका एवं समाजसेवी शान्ति चौधरी बताउँछिन - मधेशी महिलाहरुलाई अवसर र मूल्यांकन दिने र उनीहरुको न्यायोचित कुरामा आवाज उठाइदिने उदारवादीहरुको आवश्यकता भएको छ ।

मिडियाको बढ्दो प्रभाव, गैरसरकारी संस्थाहरुबाट संचालित जागरण अभियान, एक्लो पुरुषको आयबाट परिवार संचालन गर्न बढ्दो आर्थिक दवाव, शिक्षित एवं रोजगार महिलाले गर्दा वैवाहिक खर्चमा न्यूनता हुने जस्ता कारणहरुले गर्दा महिलाहरुको लागि शिक्षा र रोजगारीको ढोका खोलिएको हो । मधेश उच्च जातिहरमा मात्र होइन, कथित पानी नचल्ने जातिहरुमा पनि परिवर्तनको क्रम बढेको छ । यसको मुख्य कारण शिक्षा हो । शैक्षिक संस्थाहरु बढ्दो संचालन र प्रभावले गर्दा बदलाव सम्भव भएको हो ।

शिक्षाको प्रभावले विस्तारै मधेशी महिलाहरुमा आत्मविश्वास बढाएकोछ । चुनौती संग जुध्ने मनोबल बढाएको छ । त्यसैले उनीहरुले अवसको खोजीमा क्यारियर बनाउन र आर्थिक स्रोत जुटाउन विभिन्न क्षेत्रमा पहुँच बढाउन थालेकी छिन् । वर्तमान मधेशी पुस्ताले जुन संघर्ष गऱ्यो । त्यस अनुपातमा आउने पुस्तालाई सहज र सहयोगीपूर्ण सामाजिक परिवशे प्राप्त हुनेछ । निश्चित रुपमा परिवर्तनको परिधि अद्यपि सीमित छन् । तर यो एक्का दुक्का घटनामा सीमित पक्कै होइन । एउटा प्रवृत्तिकै रुपमा सोच आएको छ, छोरीलाई पढाउने बितेका वर्षहरुमा मधेशी महिलाको स्थितिमा हलचल नआएको होइन, तर द्रुतविलम्बित गतिमा आईरहेको छ ।

प्रा. डिल्लीराम दाहालले -हिमाल, असोज, २०६२) मा मधेशी महिलाको दयनीय स्थिति, बाधक को ? भन्ने विषयमा उल्लेख गरेका छन्-

"मधेशीहरुको सामाजिक संरचना पहाडियाहरुको भन्दा निकै जटिल छ । सामाजिक तथा सांस्कृतिक हिसाबले मधेशी महिलालाई चार सांस्कृतिक समूहमा विभाजित गर्न सकिन्छ-

१. हिन्दू महिला समूह (मैथिल ब्राहमण देखि दलित सम्म)
२. जनजाति महिला समूह (थारु, धिमाल सतार आदि)
३. मुलसमान महिला समूह र
४. अन्य -मारवाडी, बंगाली, शिख आदि) महिला समूह ।

हिन्दू वर्ण-व्यवस्था अर्न्तगत पर्ने मधेशी महिला समुह, जनसंख्याको हिसाबले सबैभन्दा ठूलो -तराईको करीब ३९ प्रतिशत) समुह हो । यस अर्न्तगत पनि झण्डै ४० वटा साना साना सांस्कृतिक समूहहरु पर्छन । हिन्दू मधेशी महिला समूहलाई पनि त्रमशः तीन तहमा छुट्याउन सकिन्छ :

- उच्च जात (मैथिल/भूमिहार, राजपूत र कायस्थ)

- मध्य जात -यादव, तेली, कोइरी, धानुक, केवट, बनिया, हजाम, कानु आदि) र
- निम्न जात वा दलित समूह -तत्मा, चमार, मुसहर, दुसाध, खत्वे, धोवी, डोम, हलखोर आदि)"

विशेष गरी मधेशमा बसोवास गर्ने दलित समुदायका महिला बढी पीडित छन् । उनीहरु गैरदलित र दलितबाट समेत पीडित
छन् । मधेशी दलित समुदायको उत्थान र विकासका लागि गरिएका सबै पहल र प्रयासबाट पनि उनीहरु बंचित छन् । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक रुपमा उनीहरु पछाडि नै छन् । राज्यको हरेक स्रोत र साधनबाट बंचित छन् । बाध्यात्मक श्रम गर्नुपर्ने, उपल्लो वर्गको अपमान खप्नुपर्ने अवस्थाबाट दलित महिला अझै आक्रान्त छन् । समाजमा व्याप्त बालविवाह, तिलकप्रथा, बोक्सीप्रथा र घुम्टोप्रथाबाट मधेशी दलित महिला बढी प्रभावित छन् ।

महिला घरभित्रै बस्नुपर्ने, कुनै पुरुषसित बोल्न नहुने, जस्ता नियतिहरु समाप्त हुन सकेको छैन । अधिक दाइजोको मागले गर्दा अभिभावक छोरी जन्मिएकोमा भार बुझ्ने गर्दछ। जति शिक्षित केटा हुन्छ, तिलक पनि उति नै बढी दिनुपर्छ । केटाको शिक्षान्तर अनुसार मोल लाग्ने हुँदा दुई चार छोरीका अभिभावक त्यसैले गरीब हुने भए ।

महिला दोस्रो दर्जामा पर्छन भने मधेशी महिला तेस्रो दर्जा मान्नु पर्ने हुन्छ । मधेशीहरु राज्यद्वारा शोषित र उपेक्षित भई, आफ्नो स्थानको खोजीमा छन् भने महिलाको के अवस्था होला भन्ने बारे हामी आफैले बुझ्नुपर्ने ? कानुन व्यवसायी रन्जु ठाकुरका अनुसार विभिन्न आन्दोलनमा कुनै न कुनै रुपमा मधेशी महिला सहभागिता जनाइरहे पनि यी वर्गका महिलाको मूल्यांकन भएको छैन । यी वर्गका महिला आफ्नो संस्कृति र परम्पराले पिल्सिरहे पनि राज्यले तिनको विकास र उत्थानबारे कुनै पनि नीति लिएको छैन । पुरातनवादी सोचले ग्रसित मधेशी समाजका महिलालाई कसरी नयाँ नेपाल निर्माणमा सहभागि बनाउने, ज्यादै गम्भीर विषय छ । उनीहरु गलत संस्कृति र राज्यका सबै संरचनाबाट उपेक्षित छन् । जनसंख्याको सवालमा ३३ देखि ३५ प्रतिशत हाराहारी मधेशी जनसंख्या मध्ये आधी महिला भएको स्मरण गर्नुपर्छ ।

एकाध चित्रलेखा यादवलाई शिखरमा पुऱ्याएर मात्र महिला आन्दोलन सफल हुदैन । समग्र महिला वर्गको सशिक्तकरण हुनुपर्छ । इतिहास बनाउने एउटी महिला होइन । नीति बनाउने धेरै महिला चाहिएका छन् । महिलासम्बन्धी राजनीतिक, आर्थिक, सामाजिक विषयहरु अहिले पनि प्राथमिकताबाट बाहिर छन् । किनभने ती सवालहरुको पहिचान प्राथमिकता विर्धारण र तदनुरुप नीतिनिर्माणको तहमा महिला सहभागिता ज्यादै कमजोर छ । पुरुषले नै महिला एजेण्डालाई पूर्ण रुपमा प्रतिनिधित्व गर्न सक्दछन् भन्ने दृष्टिकोण गलत मात्र होइन, प्रत्युत्पादक पनि छ ।

**मधेशी राजनीतिको रसायन**

मधेशीहरुले नेपाल राष्ट्रको निर्माणकाल देखि नै अत्यन्तै ठूलो योगदान दिदै आएका छन् । तर योगदानको इतिहास कसैले ठीक संगले नलेखेको कारणले यासको उचित मूल्यांकन कहिल्यै हुन सकेन । यताका वर्षहरुमा मधेशीहरुले आफ्नो इतिहास पहिल्याउन थालेपछि यस दिशा तर्फ केही मात्रामा भएपनि जागरुकता देखा पर्दैछ । मधेशीहरु बीच चिनारी, राष्ट्रियता र अस्तित्वबारे एउटा नौलो छलफल र सोचाईको लहर देखिन लागेको छ ।

तराईक्षेत्रमा मूलरुपमा बसोवास गर्ने मधेशीहरुको समस्यालाई निषेध गरेर नेपालमा द्वन्दको समाधान खोज्न सकिदैन । मधेशीहरु हेपिएका छन्, चेपिएका छन् । उनीहरुको पहुँच र प्रभाव सीमित छन् । राज्यमा सीमित वर्गको प्रभाव र पहुँच बढी छ । सीमित वर्गको राज्यमा पहुँच र प्रभावले गर्दा मधेशीहरुमा आक्रोश छ र त्यो आक्रोश विगतका वर्षहरुमा मधेशी राजनीतिमा प्रतिविम्बित हुने गरेको थियो । खास वर्गलाई लक्षित गरी आक्रोश प्रदर्शन गरिन्थ्यो । तर मधेशी राजनीति केवल आक्रोशले मात्र भरिएको छैन । सम्पूर्ण पर्वते समुदाय मधेशीका लागि शोषक पनि छैनन् । पर्वतेको विरोध गरेर मधेशीहरुको हक अधिकार संरक्षण र सुरक्षित हुनै सक्दैन ।

तराईमा पर्वतेहरुको एउटा समुहको बसोवासले इतिहास बोकेको छ । शताब्दियौंको सामाजिक अन्तरक्रियाले समाजमा आपसी सद्भाव, विश्वास र समरसता प्रकट भएको छ । लामो अन्तरालले गर्दा पर्वतेहरुको एउटा समुहले मधेशी जीवनशैलीलाई आत्मसात गरेका छन् । तराईको जीवनमा समन्वयको भाव उद्घोषित हुनुको मुख्यकारण मधेशी समुदाय भित्रको अन्तरनिहित सहिष्णु चरित्र हो । मधेशीहरुको सहिष्णुताले गर्दा बसाईसराई भई आएका पर्वतेहरुको जीवन तराईमा सहज र सक्रिय हुन सम्भव भएको छ ।

प्रश्न पहाडी र मधेशीको होइन । प्रश्न यो हो-कहाँनेर राज्य द्वारा उपेक्षा गरिएको छ, कहाँनेर शक्तिप्रभावित समुदायबाट शोषण गरिएको छ । प्रश्नहरुको जवाफ खोजी गर्नु साम्प्रदायिकता होइन । प्रश्नहरु उठाउन नदिने प्रश्नहरु मौलाउन नदिने, संगठित हुने प्रयासलाई शंकाको दृष्टिले हेर्ने सोच नै साम्प्रदायिक हो । लोकतन्त्रलाई संस्थागत गर्न चलिरहेको आन्दोलनको क्रममा मधेशी हकहितको कुरा यदि उठ्छ भने त्यसप्रति सकारात्मक दृष्टिकोण राख्नु पर्दछ । एकपछि अर्को टाल्दै च्यातिएको कुर्ता लगाउने, समय वितिसकेको छ । बितिसकेको छ मधेशको सवालमा अलग अलग प्रश्नको जवाफ खोजी गर्ने समय । मूलतः सम्पूर्ण अस्तित्वका लागि चिन्तित मधेशीहरु समग्र पुर्ननिर्माणको अपरिहार्यता अनुभव गर्न थालेका छन् । यस आधारभूत तथ्यलाई नसम्झीन्जेल वर्तमानमा मधेशी राजनीतिको सम्बन्धमा कुनै निर्क्यौल पनि गर्न सकिदैन ।

केही समययता मधेशमा जातीय संगठनभन्दा समग्र मधेशी समुदायमा आधारित राजनीतिक प्रकृतिका संगठनहरु खोल्ने प्रवृति बढेको छ । यसले “औलो र धूलो” खाएर पनि अस्तित्व नपाएका मधेशीहरुमा जातीय संगठनले अपेक्षित परिणाम दिन सक्दैन भन्ने मानसिकता विकसित भएको देखाउँछ ।

मुख्यधारमा राष्ट्रिय दलहरुले मधेशी मतलाई तान्न मोर्चा र संगठनहरु बनाउन थालेका छन् भने विभिन्न दहरुमा छरिएका मधेशी राजनीतिकर्मीहरुमा एकीकृत मधेशी भावनाको उभार नहुन्जेल सामुदायिक न्याय र प्रगति हुनसक्दैन भन्ने सोच पनि विकसित हुदै गरेको पाइनछ ।

राज्यको टालटुल गरेर मधीेका समस्या समाधान गर्ने सोचले अब काम गर्दैन, समग्र पुननिर्माणको खाँचो छ भन्ने आवाज पनि यता आएर चर्को स्वरमा उठाइन थालेकोछ । मधेशी राजनीतिको सम्बन्धमा यो नै आधारभूत तथ्य हो र यसलाई आत्मसात नगर्दासम्म कुनै निर्क्यौलमा पुग्न सकिदैन भन्ने यथार्थ बोध पनि हुदै गएको पाइन्छ ।

जनआन्दोलन पछि लगत्तै वर्षहरुमा तराईमा जाति र समुदायमा आधारित संघसंगठनहरु खोल्ने क्रम हुवात्तै बढ्यो । यस अवधिमा नेपाल राष्ट्रिय माडवाडी परिषद्, थारु कयाणकारी समाज, कलवार कल्याणकारी समाज, कुर्मी क्षेत्रीय समिति, गोपाल सेवा समिति, नेपाल कुशवाहा संघ, नेपाल नाई संघ, राष्ट्रिय निषाद संघ, ब्रहमर्षि समाज, मैथिल ब्राहमण बेलफेयर सोसाइटी, चित्रगुप्त इन्टर न्याशनल, राष्ट्रिय दलित मञ्च, चौरसिया समाज एवं विभिन्न मुस्लिम संगठनहरुको जन्म भयो । यस्ता संगठनहरुको संचालनले जातीय सुधार एवं सामाजिक विकृति न्यनीकरणमा दवावमूलक कार्य त गऱ्यो तर मभेशीको सामूहिक भावनामा ह्रास पनि ल्यायो । मधेशी सोच सामुदायिक भन्दा जातीय संकीर्णतामा अल्भिन पुग्यो र यसले सम्पूर्णतामा मधेशी आन्दोलनलाई पछाडि धकेल्यो ।

मधेशीहरको चलमलाहटलाई दरवार र भारतको उक्साहटसंग जोडेर हेर्ने थेगो पुरानो ईसकेको छ । यसबारे काँग्रेस नेता महन्थ ठाकुर भन्छन्, विगतमा स्वतन्त्र रुपमा मधेशको आवाज उठाउनेहरु क्रमशः दरवार प्रेश गरेको करण यस्तो छाप बसेको हुनुपर्छ । मधेशको राजनीति गर्नेहरुलेदरवार, भारतीय दूतावास वा नयाँ दिल्लीसंगको सम्बन्धलाई पारदर्शी नतुल्याउने गरेकाले पनि यस्ता सन्देह जन्मन पुगेका हुन । यसबारे भारतका नयाँ दिल्लीका साथै सिमावर्ती राज्यहरुको मुख्यालय पटना र लखनऊका राजनीति केन्द्रहरमा सम्पर्क गरी २०६१ मा सम्बन्ध विस्तार गरेका नेपाल सद्भावना पार्टी (आ.) का महासचिव राजेन्द्र महतो भन्छन्-"मधेशी जनताको सम्बन्ध भारतीय जनतासंग रोटीबेटीको हुनाले हामीप्रति सहानुभूति हुनु स्वाभाविक हो । राजनीतिक दलहरभन्दा दरवार वा भारतबाट मधेशी मुद्राको सही सम्बोधन हुन सक्छ भन्ने अपेक्षा चाहि हतासाकै अभिव्यक्ति हुनुपर्दछ । यस सम्बन्धमा राजनीतिक विश्लेषक सीके लाल भन्छन्-"आन्दोलनको सूत्रधार को हुन भन्ने कुरा समयसंगै प्रष्टिदै जान्छ । नेपाली धर्तीमा जरो भएको र जनकेन्द्रित आनदोलन नै अन्ततः सफल हुन्छ ।"

तराई र मधेशीका नाममा पुरानै व्यथा कथा सुनाएर पहाडी समुदायलाई सरापेर मात्र मधेशी समुदायको समस्या समाधान हुन सक्दैन । नभोलि आरोपित भइन्छ भनेर कथित पहाडी राष्ट्रवादको पक्षपोषण गरेर मधेशी समुदायसंग नयाय गर्न सकिन्छ । मधेशी राजनीति उकसाहटबाट जोगिनु पर्दछ । मधेशी आन्दोलन आफै भित्रका धुनपुत्लाहरुलाई गाली गलौज गर्नुबाट जोगिनु पर्दछ । वर्तमानले मधेशी आन्दोलनलाई आफै भित्र भिाजित हुने, मुद्दाहरुको पहिचान गर्न नसक्ने र खुट्टा तान्ने जस्ता आत्मघाती प्रवृतिबाट अलग राखिुपर्दछ । यो सही हो कि मधेशमा खुली रहेको संगठनहरुमा विभिन्न मुख्य धारका दलहरुसंग आवद्ध रहेका केहं अगुवा कार्यकर्ताहरु छन् । केही पूर्वमा लायका पदहरु पाई सकेको छन् । उनीहर सत्ताको  नजिक हुँदा मधेशीको समस्यालाई सारभूत तवरमा सम्बोधन गर्न नसकेका हुन सक्छन् तर त्यसको लागि उनीहरुलाई आरोपित गरेर समय खेर फाल्नु बेकार हो । तराईमा लोकतान्त्रिक आन्दोलन कै विभिन्न ठाउँमा, विभिनन संगठनहरुबाट मधेशी सशक्तिकरणको कार्यक्रम हुँदा त्यस्ता अवसरमा यस्ता घटनाहरु घटित हुने गरेको छन् । तर यस्ता घटनाहरुले मेधशको मुद्दालाई उच्च स्वर हुनबाट पछाडि धकेल्छ । त्यसैले मधेशी आन्दोलनमा को को संकलन छन् भनदा पनि के के मुद्दा उठाईराखेका छन् त्यो महत्वपूर्ण पक्ष हो । मुद्दाहरु उच्च स्वरमा आउँदै गयो, दबाव सृजना हुँदै गयो, लाकतान्त्रिक आनदोलन संगै मधेशीको सवालले समावेशी पाउदै गयो भने अहिले मुद्दा उठाउने नेताहरु पछाति पर्दै जान्छन् । नयाँ नयाँ नेतृत्वहरु अगाडि बढेर आउँछन् । आन्दोलनले मुद्दाका साथ साथै मुद्दा उठाउने व्यक्तिको पनि लेखाजोखा राख्छन् । अर्को कुरा मधेशी आन्दोलनलाई कहिले पनि लोकतान्त्रिक आन्दोलन भन्दा फरक देखिनु हुदैन । रुपान्तरणका लागि जुन कुराको गृहकार्य गर्नु पर्ने हो । त्यसमा मधेशीको सवाल पनि पर्दछ । लोकतान्त्रिक आन्दोलनमा लागेका दलहरुले मधेशीको

सावललाई जति जिम्मेवार ढंगले आह्वान गर्छन, मधेशीहरुले आनदोलनलाई त्यसरी नै गमभीरता पूर्वक ग्रहण गर्दछन् ।

मधेशी समुदायमा पटक पटक बिउँझाउने उपक्रम भएको आभास गरिन्छ र फेरी कुम्भकर्ण निन्द्रामा मस्त भईरहेको हुन्छ भन्ने एउटा परम्परागत आरोप मधेशी समुदायमा विद्यमान छ । प्रश्न तेर्स्याउनेहरुले भन्छन् तराई काँग्रेस, देखि अहिलेसम्म मधेशी जागरणको दियो किन बल्छ र निभ्छ । जवाफको खोजी गर्दा दुईवटा कुरा भेटिन्छ । मधेशी आन्दोलनका अगुवाहरु तत्कालिन सत्ताको लाभ लिन पुगे र अर्को सत्ता संगै सामुदायिक हितलाई अग्रगति दिन सकिन्छ भन्ने ठान्दै रहे । तर अब मधेशी समाजको समस्यालाई राष्ट्र र लोकतन्त्रको परिधि भित्र रही न्यायोचित समाधानको खोजी भई रहेको छ। नेपाली मूलका मधेशीहरु राष्ट्र र राज्य हाम्रो हो भन्ने भावनाभन्दा मजबूत पार्न खोजिरहेका छन् । यसलाई मधेशी संगठनहर भन्दा पनि मुख्य धारका राजनीतिक दलहरुले यी कुराहरुलाई बुझ्नु ढिलो गर्न हुदैन । लोकतान्त्रिक आन्दोलन संगै मधेशी आन्दोलन हुर्किदै गयो भने सम्भावित द्वन्द चर्किनु न्दा पहिले नै निकास पाउँछ ।

तराई क्षेत्रका उर्वर कृषि भूभागलाई मौजा बनाई राख्ने ती पर्वतेहरु जो शक्ति केन्द्रमा सहभागि / सरोकार राख्छन् तिनीहरु प्रति मधेशीहरुमा भूसको आगो जस्तै आक्रोश सल्किराखेको छ र त्यस्तै आक्रोश नेपाली मूलका मधेशीहरुमा सल्किराखेको छ भारतीय मूलका मधेशीहरु प्रति । जसले नेपाली मधेशीहरुको आर्थिएक र सामाजिक शोषण गरिरकौ छ । यो आक्रोशले मूर्त स्वरुप ग्रहण गर्नु पूर्व नै यसलाई सम्बोधन गर्न जरुरी छ । मधेशी राजनीति गर्नेहरुले तराईका मूलभूत समस्याहरलाई समग्रमा सम्बोधन गर्नुको साटो एकांगी सम्बोधन र एकल प्रयास गरिरहने हो भने समस्याकाहरुकोसमाधान गर्न अझ ढीला भई नै रहन्छ ।

मधेशको भौगोलिक अवस्थितिले दक्षिण एसियामा यसको सामरित महत्व बढाएको छ । पहिला भारतको लागि हिमालय सुरक्षा पर्खाल थियो भने अब बदलिदों विश्व रणनीति अर्न्तगत मधेशको बहुल जनघनत्व नै उसको लागि सुरक्षा कवछ हो । मधेशी जनता समग्रमा नेपाली जनता भारत मैत्री भै राख्यो भने त्यो नै भारतको लागि ठूलो सुरक्षा पर्खाल हो । मधेशको राजनीतिमा परम्परागत रुपमा भारत मात्र रुचि राख्छ भन्ने अवस्था अब रहेन । विभिन्न संकेतहरुले वैश्विक, कूटनितिक र सामरित प्रतिष्पर्धामा रुची राख्ने शक्ति राष्ट्रहरु पनि मधेश प्रति सम्मोहित छन् ।

नेपालको केन्द्रीय राजनीतिको निर्णायक गतिविधि पनि अब मधेश मै केन्द्रीत हुने भएको छ । जनआन्दोलन २ को उपलब्धिबाट असन्तुष्ट भएका, पुर्नस्थापित प्रतिनिधि सभाका घोषणाहरुबाट अलग थलग भएकाहरु घोषाणाहरुलाई मन नपराएकाहरुले आफ्नो गतिविधि मधेशमै केन्द्रीत गर्न थालेका छन् । मधेशमा समस्याहरुको कमी छैनन् । यसलाई आ-आफ्नो तरिकाले प्रयोग गर्नेहरु तम्सिएका छन् । त्यसैले आउने केही समय सम्म मधेशको अवस्था प्रज्वलनशील नै रहने छन् ।

मधेशका सवालहरुलाई समग्रमा सम्बोधन गर्नमा ढिलाई राजनीतिक गतिविधिहरुको रिक्तता, भोटको राजनीतिको लागि सस्तो नाराहरु दिने प्रवृति, दोष अरुहरुलाई थोपर्ने वानी र दण्डहीनताको स्थिति रहीरहे सम्म मधेशमा अपत्यारिला घटनाहरु घटन सक्छन् तर यसमा आश्चर्य हुदैन । किन भने मधेशको समस्या आफ्नै कारणले मात्र होइन बाहिरी कारणले पनि मधेशलाई प्रयोग गर्न र सल्काउनमा लागेका छन् । विभिन्न स्वार्थी समूहहरुको चलखेलले गर्दा यदाकदा मधेशीहरु नै मधेशमा भइराखेका घटनाहरुबारे बुझ्न सकिरहेका छनन् । यस्तो अवस्था लामो समय सम्म रहीरहनु हुदैन ।

संक्रमणकालिन अवस्थामा पहिचानको खोजी हुनु स्वभाविक हो । त्यसका लागि संघर्ष गर्नुपनि जायज हो तर केही यस्ता कामहरु र घटनाहरु भई राखेका छन् जले गर्दा राष्ट्रिय राजनीति प्रभावित भई राखेकै हुन्छ तर मधेशको मुद्दा किनारिकृत हुने खतरा पनि त्यतिकै छ । मधेश बारे रुचि राख्ने शुभचिन्तकहरुले यस्ता घटनाहरुबाट मधेशलाई कसरी जोगाउने त्यतातिर ध्यान दिनु पर्ने हुन्छ ।

हिमाल देखि तराई सम्ममा बसोवास गर्ने नेपालीहरुको नयाँ नेपालमा के स्थान हुने उनीहरुले नयाँ नेपाल निर्माणमा के योगदान गर्न सक्ने त्यसबारे सोच्ने दायित्व मधेशी समेतको हो । यो दिइने र माँगने विषय भन्दा पनि साधिकार सबै पक्ष बसेर आम सहमतिको वातावरण निर्माणद्वारा निरुपन गर्ने कुरा हो तर यसका लागि राज्य अभिभावकको रुपमा देखा पर्नु पर्दछ नकि विभेदहरुको स्रोतको रुपमा । यो देशमा बसोवास गर्ने प्रत्येक नागरिकहरु आफूलाई उपेक्षित भएको अनुभव गरिरहे सम्म न लोकतन्त्र बलियो हुन्छ न त राष्ट्रियता नै बलियो हुन्छ ।

मधेशको राजनीति गर्नेहरुले भोटको राजनीतिक गर्नु भन्दा पनि दीर्घकालिन रुपमा मधेशको भलो कसरी हुन सक्छ त्यसको मार्गचित्र बनाएर समाधानको बाटो पहिल्याउनु पर्दछ । त्यसका साथ साथै मधेशमा बसोवास गर्ने पहाडीमूलका बारेमा पनि मधेशी मार्गचित्रले प्रष्टकार्यादेश दिएको हुनु पर्दछ । मधेशको राजनीतिक गर्नेले मधेशमा बसोवास गर्ने पहाडीमूलका बारेमा मौन बसेर अब मधेशको राजनीतिलाई अगाडी बनाउन सकिदैन । यो ध्रुव सत्यलाई बुझनपचाउनु नै मधेश र राष्ट्रको लागि भलो हुने कुरा हो ।

मधेश र हिँसा

माओवादी आन्दोलनको शान्तिपूर्ण अवतरण पछि उनीहरुको वन्दूकले सफलता भएको हो भनेर निष्कर्ष निकाल्नु र अन्य विभेदहरुको सवालमा पनि वन्दूक उठाउने प्रवृति अगाडी आएको छ । यतिखेर सम्म मधेशमा झण्डै आधा दर्जन जति हतियार बन्ने समूहहरु संचार माध्यमहरुबाट र घटनाहरुबाट चर्चामा आई सकेका छन् । मधेशको शान्तिपूर्ण राजनीति गर्नेहरुले पनि यदाकथा यदि यसो भएन भने हामी पनि बन्दूक उठाउन बाध्य हुन्छौं भन्ने गरेर बन्दूकको प्रति भरोसा जाहिर गर्नु शुभसंकेत होइन ।

निरंकुश शासनले मधेशीहरु संग न्याय गर्न सकिदैंन । त्यस्तै अर्को शक्ति बन्दूकको शासन वा बन्दूकको राजनीतिले पनि मधेशी समाज प्रति न्याय गर्न सक्दैन । अहिंसक माध्यमबाट नै समावेशी लोकतन्त्रको स्थापना र संस्थागत विकास हुन सक्दछ । मधेशी राजनीतिको नाममा बन्दूक उठाउने कामले, विगतमा बन्दूके राजनीतिले पारेको असर भन्दा भिन्न प्रभाव हुन सक्छन् भन्ने सोच्नु गलत हो । हिंसाका राजनीति गर्नेहरुले हिंसाले समाजमा प्रश्नहरुको

जवाफ हैन, प्रश्नहरु नै निम्त्याउने गरेको छ । हिंसाले धेरै कुरा लिन्छ । धेरै कुरा खान्छ । हिंसाले तराई भित्र रहेकोअनुकरणीय सहिष्णुतालाई सखाप पार्दछ । जसले कुनै पनि हालतमा सामाजिक रुपान्तरण सम्भव हुन सक्दैन । मधेशको सामाजिक सांस्कृतिक उत्थानका लागि राजनीतिक गतिशीलता अपरिहार्य आवश्यकता हो । लोकतान्त्रिक आन्दोलनसंगै अहिले विभिन्न कोणबाट, भिन्न शैलीमा मधेशीको सवाल उच्च स्वर गरिनुलाई एउटा अवसरको रुपमा लिइनुपर्दछ ।

एक दशक सम्म नेपाली राजनीतिमा माओवादी हतियारको बोलाबाला अनुभव गरेका कारण धेरैलाई “हतियार उठाउने” कुरा गरेपछि आफ्ना माँग प्रति राज्य गम्भीर बन्छ भन्ने लागेको हुन सक्छ । आफूलाई राजनीतिज्ञ, सामाजिक अगुवा वा विज्ञ दावी गर्नेहरु, कुनै क्षेत्र वर्ग वा समुदायको अनुरोध नसुनिए “हतियार उठन सक्छ भनिहाल्छन्” । तर धेरैले नबुझेको वा बुझ्न नचाएको पक्ष के छ भने माओवादी विद्रोहको अवतरण नेपाली राजनीतिमा हतियार अस्वीकृत भएको पछिल्लो दृष्टान्त हो । पछिल्लो जनआन्दोनले पुष्टि गरेको छ, शान्तिपूर्ण राजनीतिले कमजोर आवाजलाई उच्च स्वर दिन सक्छ । त्यसैले हतियार अस्वीकृत भईसकेको अवस्थामा मधेशी अधिकारका निमित बन्दूक उठाउने वा बन्दूकको त्रास देखाउने औचित्य पुष्टि गर्न खोज्नु असंगत हो ।

तर तराईमा विभिन्न नामधारी समूहले संचालन गरेको हतियार बन्द आन्दोलनलाई राज्यले राजनैतिक रुपमा सम्बोधन गर्दै कानुनी व्यवस्थाको परिपालना तथा राज्यको उपस्थिति ग्रामीण तह सम्म पुऱ्याउने प्रयास गर्नुको साटो बल द्वारा नै हतियार बन्द राजनीतिलाई समाप्त पार्ने प्रयास गऱ्यो भने त्यसको परिणाम भयावह हुन सक्छ । निश्चित रुपमा जेजति कुरा बाहिर आएका छन् त्यस आधारमा सबै हतियार बन्द समूह पूर्ण राजनीतिक प्रतिवद्ध जमात नै हो भनेर ठोकुवा गर्न सकिदैन । अहिले देखा परेको रिक्तता राज्यद्वारा बेलैमै सम्बोधन नगरिदिंदा देखा परेको अवस्था हो । त्यसलाई राजनीतिक रुपमा समाधान गर्दै मूल प्रवाहमा मधेशी जनतालाई ल्याउन सकियो भने त्यो सर्वोत्तम विकल्प हो । मधेशी जनता जहिले पनि मुख्य धारा संग जोडिन चाहन्छ । ऊ जहिले पनि नेपाली भएर आफ्नो पहिचान होस भनेर चाहन्छन् । तर राज्यले आवेशमा आएर वा आफ्नो कमजोरी ढाकछोप गर्न वा आफ्नो पूर्वाग्रहलाई आवरण दिन बलको प्रयोग गऱ्यो भने मधेशमा पृथकतावादी आन्दोलन चर्किएर जान सक्छन् ।

मधेश यतिखेर बडो सम्बेदनशील मोडबाट गुज्रिरहेको छ । मधेशीहरुको एजेण्डालाई राज्यले लोकतान्त्रिक प्रकृयाबाट समाधान गर्ने र मधेशीहरुलाई विश्वासमा लिदै अगाडी बढ्न सकेन भने जुन रिक्तता र तीक्तता मधेशी र राज्य बीचमा देखिएको छ त्यसले धेरै पछताउनु पर्ने परिणामहरु सृजना गर्न सक्छन् ।

कुनै माँग पुरा गराउन कार्यालयमा तालाबन्दी, बाटो अवरोद्ध, चक्का जाम वा जबरजस्ती शैलीका क्रियाकलाप हिजो आज मधेशमा समान्य मानिन थालिएको छ । सामान्य तरिकाबाट आफ्ना आवाजहरु प्रकट गर्दा राज्यले सम्बोधन नगरिदिने एउटा प्रवृति नै देखा परेको छ । राज्य पनि शान्तिपूर्ण रुपमा उठने आवाजहरु प्रति प्रारम्भमा असम्वेदनशील भई दिने, समस्या चर्किदै गयो भने बल प्रयोग गर्न थाल्ने जले गर्दा बल प्रयोग गर्ने वा कानुन हातमा लिने प्रवृतिको विकास हुदैछ । कानुन हातमा लिने कामले लोकतन्त्रलाई बलियो बनाउन सक्दैन । यो पद्धतिसंगत काम हुदै होइन र प्रकाराणतरले कानुन हातमा लिने समूहलाई नै यसले घाटा पुऱ्याउछ ।

**मधेशी र हिन्दूत्व**

पुनर्स्थापित प्रतिनिधिसभाले जेठ ४ २०६३ मा गरेको ऐतिहासिक घोषणा मध्ये देशलाई धर्म निरपेक्ष राष्ट्र घोषणा गर्ने महत्वपूर्ण बूँदा हो । नेपालको संविधान हिन्दू शब्द पहिले थिएन । ०१९ को पंचायती संविधानमा पहिलो चोटि यो शब्द आएको थियो । “हिन्दू” भन्ने शब्द थपिदिएर पहिचानको राजनीति शुरु गरिएको थियो र धर्मको आवरणमा राजा महेन्द्रको राजनीतिमा सक्रिय भूमिका ल्ने महत्वाकांक्षालाई मलजल गरेको थियो , जो पछि जनआन्दोलन १बाट निर्मित २०४७ को संविधान समेत निरन्तरता पाई रह्यो ।

समाजशास्त्री सुधिन्द्र शर्माका अनुसार २०४७ सालको संविधानले हिन्दू धर्मलाई बैधानिकता दिए पनि नेपालको कानुन र प्रशासनमा हिन्दू चरित्रको किटान गर्न कठिन छ । उदाहरणका लागि नेपालको समसायमिक कानून केलाउने हो भने त्यसमा परम्परागत कानुन, हिन्दू कानुन र आधुनिक कानुन तीनै थरी कानुन पाइन्छ । के कति कारणले राज्यले आफूलाई हिन्दू हूँ भनी कानुनहरुमा स्पष्टता नभएको परिप्रेक्ष्यमा “हिन्दूपन” लाई राज्यले अँगालेका प्रतीकहरुमा देख्न सकिन्छ । त्यस्ता प्रतीकहरुमा गाईको विशेष सुरक्षा व्यवस्था, दशैं र अन्य पहाडी हिन्दू चाडवाडलाई राष्ट्रिय चाडको स्थान र धर्म परिवर्तनमा निषेध आदि पर्छन ।

जनआन्दोलन २ का क्रममा मधेश र मधेशीसंग सम्बन्धित संघ संस्थाहरुले समेत राज्य कुनै पनि धर्मको पक्षमा अवस्था विपक्षमा नरही धार्मिक गतिविधि र मामिलाका सम्बन्ध तटस्थ रहनुपर्छ भन्दै नेपाललाई हिन्दू अधिराज्य होइन, धर्म निरपेक्ष राज्य घोषाणा गरिनु पर्ने माँग राख्दै आएका थिए । मधेश पनि भाषिक, जातिय, सांस्कृतिक एवं धार्मिक समूहहरुको रुपमा विविधतायुक्त छ । धार्मिक आस्थाको सम्बन्ध व्यक्तिको वैयक्तिक मानवअधिकारसंग सम्बन्धित कुरा हो । राज्य को भूगोल र संरचनासंग होइन ।

लोकतान्त्रिक आन्दोलनकारी दलहरुको सरकार बने लगत्तै भएको धर्म निरपेक्ष घोषणाको सक्रिय विरोधमा भारतीय सीमा नजिकको सहर  वीरगंज, भैरहवा लगायतका ठाउँमा कार्यक्रमहरु भएको थियो । धर्मको नारा दिएर, जनआन्दोन २ पश्चात प्रारम्भ भएको राजनैतिक प्रक्रियालाई अवरुद्ध गर्ने रणनीति बोकेकाहरुले विरोध कार्यक्रमलाई गतिदिन जतिसुकै प्रयास गरेतापनि जनसहभागिताको कमिले गर्दा त्यो विस्तारै समाप्त हुदै गयो । लोकतान्त्रिक समाजमा अस्विकृत भएका जमातले वैकल्पिक राजीतिक धारको रुपमा धार्मिक अतिवादलाई मौलाउन चाहेपनि त्यो टिक्न सकेन । साथै सामाजिक सद्भाव पनि कायम नै रहीरह्यो तर मधेशी जनविद्रोहको दरमियान धर्मनिरपेक्ष विरोधीहरुको सल्लाहबाट फेरि एकपटक मुखर भएर आयो । सीमापारका धार्मिक संगठनहरुले मधेशी आन्दोलनको क्रममा फेरी एकपटक हिन्दू राष्ट्रको वकालत गर्ने प्रयास गरेका थिए ।

तर एक जाति, एक भाषा, एक संस्कृति, एक भेषका नाममा राज्यले लादेको हिनदू खसधर्म, खसभाषा र खससंस्कृतिका कारण मधेशी समुदायको सांस्कृतिक अस्तित्वमा संकट परेको हुनाले, धार्मिक विभेदको खण्डलाई पुरेर लोकतान्त्रिक राज्यसंरचनाको जग मजबूत बनाउने दिशामा मधेशी समुदाय केन्द्रित देखिए । मधेशमा नै धार्मिक

आन्दोलन प्रारम्भ भएको हुनाले मधेशी र हिन्दूत्व लाई एकथरि वर्गले संगसंगै हेर्न थालेका थिए । तर वास्तविकता त्यो थिएन र छैन पनि । मधेशका २० जिल्लाहरुमा मुसलमान ८.४२ प्रतिशत रहेका छन् र मुसलमानहरु पनि साझा मधेशी सांस्कृतिक समूह भित्र आफ्नो पहिचान स्थापित गरेका छन् । धर्म र जातजातिको आधारमा भेदभावको परम्पराले मधेशी समुदायलाई भूलप्रंवाहमा आउन व्यक्तिक्रम उत्पन्न गर्छ भन्ने बुझेर नै मधेशी समुदायले धार्मिक आन्दोलनमा सहभागिता जनाएनन् ।

नेपालमा लोकतन्त्रले धार्मिक विभेदका सवालमा छलफलका लागि खुलामंच प्रदान गरे पनि यस व्यवस्थाले आम मुस्लिमको जीवनस्तर सुधार्न खासै केही सहयोग गरेको छैन । अल्पसंख्यक मुस्लिमका अगुवाहरुले मदरसा र मुस्लिम आयोगको माग गर्ने गरेको छन् । राज्यले नहेर्दा समुदाय पछाडि परेको बताउँदै आयोगले सरकारलाई सघाउने उनीहरुको विश्वास छ । "राज्यले नागरिकता बाहेक अरु केही दिएको छैन । त्यसैले मुस्लिम समुदाय पछाडि परेको हो" - मुस्लिम इन्तेहाद संगठनका केन्द्रीय अध्यक्ष नाजिर मियाँ भन्छन्- संविधानले सबै धर्मलाई समान अधिकार दिनुपर्छ ।

ध्रुव सिम्खडाले मधेशी आन्दोलन र मुसलमान समुदाय (बहाः जर्नल, वर्ष ३ अंक ३) मा लेखेका छन् मधेशी आन्दोलनले समग्र रुपमा परिवर्तन नल्याए पनि वा मुसलमानहरुलाई समेट्न नसकेपनि डा. मोहममद मोहसिन, सलिम मिया अन्सारी र मोहम्मद आफताफ आलमदेखि अनिश अन्सारी जस्ता व्यक्तिहरुले राष्ट्रियरुपमा आफ्नो पहिचान बनाएका छन् । तर उनीहरुको पहिचानले मुसलमानहरुको प्रतिनिधित्व भएको छ वा छैन भन्ने जान्न जरुरी छ । पश्चिम नेपालका थारु समुदाय र समग्र मुसलमानहरुको प्रतिनिधित्व तराई काँग्रेसका स्व. वेदानन्द झा, जनवादी मोर्चा नेपालका रामराजाप्रसाद सिंह, राजसभा स्थायी समितिका सभापति परशुनारायण चौधरी, सद्भावनाका गजेन्द्रनारायण सिंह र हृदयेश त्रिपाठी अथवा काँग्रेसका महन्थ ठाकुर र माओवादीका मातृका यादवहरुले गर्न सके वा सकेनन् भन्ने कुराको लेखाजोखा हुन जरुरी छ । अब मधेशी आन्दोलनको नेतृत्व गर्नेहरुले मुसलमान लगायत मधेशका सबै जात, जाति, भाषाभाषी र जनजातिहरुलाई समेट्न सकने गरी मुद्दाहरुलाई प्राथमिकता दिनु पर्छ । त्यसपछि मात्र अन्य मुद्दाहरुलाई लिएर समग्र राज्य पक्षको नीति नियम तथा राजनैतिक परिपाटीमा परिवर्तनका लागि आन्दोलन गर्न सकिन्छ र परिवर्चनका लागि बाध्य पार्न सकिन्छ । वास्तवमा मधेशी आन्दोलनले आफ्नो स्वरुप, चरित्र र सहभागितामा व्यापक परिवर्तन गर्नु पर्छ ।

पर्साका मुस्लिम नेता बाबुजान अलीले मधेशीहरुको आवाज उठाउदा खेरी त्यसभित्र मुस्लिमहरुको आवाज ध्वनित हुनु पर्दछ भन्नु हुन्छ । उनका अनुसार मधेशका विभिन्न जिल्लामा बसोवास गर्ने मुस्लिम समुदाय, दलित, जनजातिवारे मधेशी आन्दोलने सकारात्मक परिणाम दिन नसक्नु नेतृत्वकै कमजोरी देखिन्छ । मधेशी नेतृत्वले मुस्लिम समुदायबाट नेतृत्व विकासका लागि प्रोत्साहन नगरेको तीतो अनुभव अहिले सम्मको छ ।

अनुसन्धानकर्मी सुधिन्द्र शर्माका अनुसार आफ्ना माँगहरु प्रस्तुत गर्दा मुस्लिम समुदायका नेताहरुले दूरदृष्टि राख्नु अनिवार्य छ । तिनका तत्कालिन रणनीतिहरु त्यही दूरदृष्टिद्वारा निर्देशित हुनुपर्छ । अहिले मुसलमान समुदाय दुई

दृष्टिले प्रेरित देखिन्छ, जुन आफैमा अनमेलपूर्ण छन् । कुन चाहिं कुरालाई अङ्गाल्ने र कुन चाहिंलाई छोड्ने त्यसको निर्णय गर्नु नेताहरुको जिम्मेवारी हो । एउटा अवधारणाले राष्ट्रिय मूलधारामा समाहित हुँदा समुदायको हित हुने ठान्दछ भने अर्कोले आफ्नो विशिष्ट पहिचानलाई कायम राख्नमा बढी जोड दिन्छ । पहिलोले साझापनमा जोडदिन्छ, जस्तै : साझा शैक्षिक पाठ्यक्रम, साझा देवानी ऐन कानुनहरु आदि । दोस्रोले भिन्नता माथि जोड दिन्छ, जस्तैः छुट्टै पाठ्यक्रम र बेग्लै ऐन कानुनजको निर्माण । पहिलोले धर्मलाई क्रमशः निजी र व्यैयक्तिक मामिला बनाउँदै लैजानुपर्ने कुरामा जोड दिन्छ भने अर्कोले धर्मलाई सार्वजनिक मामिला बनाउँछ । पहिलोले चड्का लाउडस्पीकर बनाएर सार्वजनिक स्थानमा दखल पुऱ्याउनु अशोभनयि मान्छ, अर्काले त्यसो गर्नु विल्कुल उचित ठहऱ्याउँछ ।

संचारकर्मी लालबाबु शेखका अनुसार - सामुहिक रुपमा उठने आवाजलाई राज्यले सुन्नु पर्छ र मुस्लिमहरुको आवाजलाई मधेशी आवाज भित्र पारिनु पर्दछ । एकीकृत प्रयासले नीतिनिर्माण गर्नेहरुलाई जति दवाव दिन सक्दछ त्यति दवाव छुट्टा छुट्टै गर्ने आन्दोलनले दिन सक्दैन । यसै कुरालाई ध्रुव सिम्खडाले जोड दिनुहुन्छ मुसलमानलाई हिन्दू समाजको आँखाले हेर्ने प्रवृत्तिले गर्दा भोलिका दिनमा मुसलमानहरुले मात्र उठाएको आवाजलाई धार्मिक रङ्ग दिन सक्ने सम्भावना हुन्छ । त्यसैले मधेश आन्दोलनसंगै मुसलमानहरुको आन्दोलन पनि अगाडि आउनु पर्छ र उनीहरुको नेतृत्व पनि अगाडि आउनु पर्छ यसले उनीहरुलाई उनीहरको हक अधिकारका विषयमा राज्यसंग वार्ता गर्न वा राज्यलाई दवाव दिन सजिलो हुन्छ ।

मधेशमा केही हिन्दूवादी संगठनहरुले अतिवादी रुपमा गतिविधि बढाउदै गयो र मधेशी आन्दोलने मुस्लिम समुदायलाई समाहित गरेर अगाडी बढ्न सकेन वा उनीहरुलाई आस्वस्त दिलाउन सकेन भने मुस्लिम अतिवाद राजनीतिको शुरुवात हुन सक्दछ र यसले सम्पूर्णतामा मधेशी आन्दोलनलाई कमजोर बनाउन सक्दछ ।

तराईमा मुस्लिम बाहेक अन्य धार्मिक समुदायहरु पनि छन् तर मुस्लिमहरुको जनसंख्या, इतिहास पुरानो भएको हुनाले र विशेष गरी रौतहट, बारा, पर्सा, कपिलवस्तु र बाँकेमा निर्णायक अवस्थामा मुस्लिम मत रहेको हुनाले मुस्लिम समुदायलाई मुख्य धारमा लिएर जानु मधेशी आन्दोलनको आधारभूत सर्तका साथै राष्ट्रिय स्वार्थको विषय पनि हो ।

धर्मनिरपेक्ष मधेशी आन्दोलनले नै लोकतन्त्रको सबलिकरण तथा मधेशी समुदायको मूल प्रवाहीकरणमा जोड पुऱ्याउन सक्दछ । अर्को नेपालमा विगतका दिनहरुमा हिन्दूत्व र राजसंस्थालाई एक अर्काका परिपूरकका रुपमा राजनीतिक स्वार्थका कारणले प्रस्तुत गरियो । मधेशीहरुको विभेदको मूल स्रोत राजसंस्था नै भएको हुनाले हुन सक्दछ मधेशी संघ संस्थाहरुले धर्मनिरपेक्षताको माँग गर्दै आएका थिए र यही कारण हो कि मधेशमा हिन्दूवादी आन्दोलनलाई जुन रुपमा सतहमा ल्याइएको थियो उले फस्टयाउने ठाउँ पाएनन् ।

**पहाडी मधेशी अन्तर सम्बन्ध**

नेपाल अहिले राजनीतिक रुपमा संक्रमणकालिन अवस्थाबाट गुज्रिंरहेको छ र यसको राजनीति तरल अवस्थामा नै छ । संविधान सभाको पूर्वाग्रहमा पहिचानको राजनीतिक हुने स्वभाविक हो । संविधान सभा चर्चामा आएपछि मधेशमा पहिचानको राजनीतिक हुनु स्वभाविक थियो । बैशाख जनआन्दोलन मार्फत जनताको सर्वोच्चता, स्वामित्व र अपनत्वको लोकतान्त्रिक पद्धति स्थापित भई सकेपछि त्यसलाई संवैधानिक रुपले व्यवस्थापन गर्ने काम संविधान सभाबाट हुने छ । त्यसैले संविधानसभामा न्यायिक उपस्थितिका लागि मधेशीहरु जागरुक भएका छन् ।

मधेशमा बस्ने कुनै पनि मधेशीले आफूलाई नेपाली नभएको जस्तो अनुभूति गर्नु सामाजिक न्याय विहिन नागरिक सम्भनु, एउटा लोकतान्त्रिक पद्धतिमा हिड्न चाहने राष्ट्रको लागि राम्रो होइन तर जब मधेशीहरुको अधिकारको आन्दोलन हुन थाल्यो । मधेशकै पहाडी समुदायको एउटा वर्गले यसलाई सम्प्रदायिक आन्दोलनको रुपमा लिए । त्यसैको कारण थियो ठाउँ ठाउँमा सद्भाव रैली निस्क्यो । यसको पनि कारण के छ भने नेपालमा अहिले छिटो छिटो हिड्नु पर्ने अवस्था छ र सबै कुरा हतारमा भइरहेको छ । मधेशी आन्दोलन हुनु भन्दा पूर्व स्वयम मधेशीहरु बिचमै मधेशका एजेण्डाहरु र त्यसका समाधानका बारेमा व्यापक चर्चा हुनु पर्‍थ्यो । तर त्यो हुन सकेन । त्यस्तै मधेशमा बस्ने पहाडी समुदायहरुसंग मधेशीहरुका समस्याका बारेमा सामाजिक अन्तर्रक्रिया हुनु पर्थ्यो त्यो पनि हुन सकेन र जब अधिकारको कुरा उठ्न थाल्यो बुझाईको कमीले यसलाई सम्प्रदायिकता बुझियो । र यसले मधेशमा एउटा सामाजिक रिक्तता उत्पन्न गरेको छ । मधेश मधेशीको भन्ने नारा एकातिर र अर्कोतिर मधेशी आन्दोलनकारीको तर्फबाट मधेशमा बसोवास गर्ने पहाडीहरुको बारेमा कुनै मार्गचित्र नदिइन्दा मधेशका पहाडीहरुमा हामीहरु त बाहिरिया पो रहे छौं भन्ने एउटा मनोविज्ञान विकसित भएको छ । यो दुईटै अवस्थाले सामाजिक अन्तरसम्बन्धलाई मजबूत बनाउदैन । मधेशी आन्दोलन नेपाली हुनका लागि थियो नकि पहाडी विरोधी । धेरै पहाडी मूलकाहरुपनि मधेशीहरुको सामाजिक न्यायको पक्षमा वोकालन गरेकाछन् । मधेशीहरु भन्दा चर्को स्वरमा आवाज उठाएका छन् । तर राज्यको समस्या समाधानको कछुवा गतिले गर्दा मधेशमा “पहाडी भगाओ” जस्ता आत्मघाती गतिविधिहरु विभिन्न कोणबाट भईरहेका छन् । यसले क्षेत्रीय भाषिक आधारमा भएका विभेदहरुलाई समाप्त पार्दैन अझ समस्यालाई थप दिन सक्दछन् ।

बदलिएको परिप्रेक्ष्यमा कुनै जाति विशेषको विरुद्धमा लागेर नेपालको राजनीतिक अगाडी बढ्न सक्दैन किनभने नेपाली भित्रको बसोवास मिश्रित अवस्थामा रहेको छ । एक समूहले अर्को समूहको अन्देखि गर्न सक्दैन । त्यसैले राज्यको प्रथम जिम्मेवारी वन्दछ कि उसले संक्रमणकालिन अवस्थामा देखा पर्ने अन्तरविरोधहरुलाई कसरी समायोजन गर्ने ? र अतिवादी मधेशी आन्दोलनको विरोधमा अतिवादी पहाडी आन्दोलन पनि विभिन्न नामले उब्जिन सक्छ । यस तर्फ पनि मधेशीको नाममा आन्दोलन गरि राखेकाहरुले समयमा विचार पुऱ्याउनु पर्छ ।

**मधेशी मूल प्रवाहिकरणमा दलितको अवस्था**

मधेशको कुनै गाउँको एउटा कुनामा कुनै वस्ती देख्नुभयो भने बुझ्नहोस दलित बस्ती हो । गाउँको फोहोर, घरघरको फोहोर पालिने सडक छोउमा बसेको बस्ती नै दलित बस्ती हो । यो बस्ती अत्यन्त साँघुरो हुन्छ । सानासाना फुसका, खरपातका घरहरु हुन्छन् । एउटा/दुईटा कोठामा पूरै परिवार । सानासाना छाप्राहरुमा मान्छे, दुई चार खसीबाखा, पाँचसात भन्ट्याङभुन्टुङ र कही कही त सुँगुर पनि रहन्छन् । बिहान बासी भात खाँदा बच्चाहरुमा

झगडा हुने, थोरै खाना, बढी बालबालिका । खानाको खोसाखोस, झैंझगडा र पिटापित हुने, रुने कराउने, दलित वस्तीमा शुभ प्रभात वा गुडमर्निङ यसैगरी शुरु हुन्छ - अधिकारवादी देवेन्द्रगिरी भन्छन् ।

त्यस्तै धारणा हिराविश्वकर्माको पनि रहेको छ । कुनै मधेशको एउटा दलित वस्तीको शब्दचित्र यसरी राख्दछन् - सप्तरीको शम्भुनाथ गाविसमा दलितको एउटा ठूलो बस्ती छ । त्यहाँ तीनचार वर्षदेखि दसवाह्र वर्षका केटाकेटी प्रांयः एउटा कटटुमा मात्र घुमेको देखिन्छ । उनीहरु आँगनमा बसेर झिंगा भन्किरहेको अवस्थमा पानी जस्तो देखिन दाल हालेको भात खाईरहेका हुन्छन् । बस्तीको केही पर बच्चाहरु नांगै खुट्टामा दिसा गरिहेका हुन्छन् । बस्तीनजिकै राम्रो स्कुल छ तर त्यहाँका अधिकांश बालबालिका स्कुल पनि जाँदैनन् शम्भुनाथ गा.वि.स.को बस्तीले नेपालका दलित बालबालिकाको समग्र अवस्थाको चित्रण गर्छ ।

सन् २००१ मा नेपालको समग्र जनसंख्याको औषत साक्षरता ५४ प्रतिशत थियो भनेृ दलितहरुको औसत साक्षरता ३० प्रतिशतको हाराहारीमा देखिन्छ । यसभित्र पर्ने फरक समूहलार्य छुट्याएर हेदौ यसको चित्र अत्यन्तै दयनीय छ । तराईका १० समूह -मुसहर, डोम, कुसवाडीया, विन्दा, कमार, खत्वे, चमार, दुसार, तात्मा र नुनीया) को औसत साक्षरता १७ प्रतिशत मात्र छ । त्यसमा पनि झण्डै छुट्याउने हो भने मुसहरको त जम्मा ७.२५ प्रतिशत र डोमको ९.४ प्रतिशत मात्र छ । यसमध्ये तरार्य समूह कसैको पनि २५ प्रतिशतभन्दा बढी साक्षता छैन ।

समग्रमा भन्दा दलितको सशक्तिकरण गर्न दलितहरुमा गुमेको आत्मसम्मान फर्काउने, उनीहरुलाई समाजका अरु मानिस सरह उपभोग गर्न पाउने उनीहरुको अधिकार प्रति सचेत गराउने उनीहरुलाई संगठित  गराउने, संचार माध्यम आदिको उपभोग गरेर गैरदलित समुदायलाई दलितहरु प्रति भैरहेको असभ्य व्यवहारबारेमा जानकारी गराएर यसको अन्त्य गर्नका लागि उनहिरुको पनि सहयोग खोज्ने र दलितहरुलाई आर्थिक रुपले सक्षम बनाउन उत्पादनका स्रोत, साधन, सीप र दक्षता हासिल गर्ने अवसरसम्म उनीहरुको पहुँच पुर्‍याउने जस्ता काम गर्नुपर्छ । यसरी दलितहरुको समस्या आर्थिक सामाजिक, राजनीतिक र सांस्कृतिक पक्षलाई एकीकृत रुपमा समाधान गर्ने काममा दलितहरुलाई नै संगठित र सक्षम बनाउने काम गर्नु आवश्यक छ । यसका लागि मधेशी आन्दोलनकारीले दलित समस्यालाई मधेशी आन्दोलनकै एक हिस्साका रुपमा लिएर अगाडी बढ्नु पर्छ ।

अर्थशास्त्रीय डा. हरिवंश झाको अभिमतमा लोकतान्त्रिक समाजमा पिछडिएको वर्गलाई मूल प्रवाहमा ल्याउन सैद्धान्तिक रुपमा चार किसिमका क्रियाकलाप अपनाउनु पर्दछ : एक, क्षतिपूर्तिको सिद्धान्त-जस अर्न्तगत भूतकालमा सम्बन्धित पक्षसंग उचित व्यवहार नगरिंदा त्यो पक्ष पिछडिएको छ, त्यसको लागि क्षतिपूर्तिस्वरुप सरकारी सेवा तथा शैक्षिक क्षेत्रमा आरक्षण तथा निःशुल्क शिक्षा जस्ता विशेष सहुलितयत दिइएको हुन्छ । दुई, संरक्षण सिद्धान्त-जसअर्न्तगत समाजको कमजोर वर्गलाई संरक्षणको लागि विभिन्न व्यवस्था गरिन्छ । तीन, समानुपातिक सिद्धान्त-जसअर्न्तगत सम्बन्धित वर्गको जनसंख्याको नुपतमा राजनैतिक, सरकारी तथा निर्णय लिने विभिन्न संस्थामा प्रतिनिधित्व गराईन्छ । चार, सामाजिक न्याय- जसअन्तर्गत विजुली, पानी, घर, जग्गा आदि जस्ता आधारभूत आवश्यकता निःशुल्क वा सहुलियत दरमा उपलब्ध गराईन्छ ।

**नेपाली राज्य मधेशी बीचको सम्बन्ध**

प्रधानमंत्रीको दोस्रो सम्बोधन पछि सम्बोधनमा राज्यका सबै क्षेत्रमा मधेशीहरुलाई समानुपातिको आधारमा सहभागिता गराईने कुरा उल्लेख गरिएको थियो । त्यो घोषणा बमोजिमको शर्त कार्यान्वयन गराउन पक्कै चुनौतिपूर्ण छ । शताब्दियौं देखि ओझेमा परेका वर्ग र समुदायको विकासका लागि घोषणा गरेर मात्र हुदैन । संख्यात्मक सहभागिताको लागि त्यस प्रकारको अवस्था पनि विकसित गर्नुपर्छ त्यो पनि गुणात्मक रुपमा । जसका लागि खास गरी निम्न क्षेत्रमा ध्यान पुऱ्याउन आवश्यक छ -

१. शिक्षा २. रोजगारी ३. सामाजिक सुरक्षा ४. स्वास्थ्य सेवा ५. नीति निर्माण ६. राजनीति ७. साधन र श्रोमाथिको पहुँच र नियन्त्रण ८. सामाजिक मूल्य-मान्यता र व्यवहार ९. विशेष तालिम र क्षमता अभिवृद्धि १०. संचार

**मधेशी मूलप्रवाहिकरणको दिशा**

प्रधानमन्त्रीको दोस्रो सम्बोधन पछि मधेशी मूलप्रवाहिकरणको दिशा निर्धारण गरेको छ । आवश्यकता छ यसको इमान्दारीपूर्वक कार्यान्वयनको । कार्यान्वयनको अभावमा घोषणाले केही हुदैन । राज्यले मुलुक संघिय शासन प्रणाली तर्फ उन्मुख हुने स्वीकार गरिसक्यो तर मधेशी समुदायबाट नै संघीय शासन प्रणालीको सन्दर्भमा फरक फरक मोडलहरु आई राखेका छन् । समग्र मधेश एक प्रदेश, अपना मधेश अनेक प्रदेश जस्ता नाराहरु आईरहेका छन् । तर विभिन्न कोण र आधारबाट अघिसारिएका प्रस्तावहरुलाई केलाउँदा प्रदेश विभाजनको साझा आधार फेला पार्न सकिन्छ । ती आधारहरुमा भौगोलिक अनुकुलता, भाषिक सांस्कृतिक विशेषता, प्राकृतिक स्रोत र आर्थिक सम्भावनाका साथसाथै जनघनत्व, जातीय मिश्रण र अनुपातलगायतका छन् । प्रदेश रचनाको सम्भाविक स्वरुप निर्धारण गर्दा भौगोलिक र प्राकृतिक बिभाजनलाई ध्यानमा राख्नुका साथै भाषिक र सांस्कृतिक विशेषताहरुलाई पनि त्यसको आधार मान्नुपर्ने सुझाव विज्ञहरको छ ।

राज्य संचालन प्रक्रियामा जनसंङ्ख्यिक सहभागिता तथा राज्यको व्यवहारमा सम्मान र समानता नेपाली मधेशीहरुको मुख्य ाग र नारा बन्दै गएको छ । सामुदायिक अधिकारको प्रत्याभूतिका लागि राज्यको पुनर्सरचना हुनुपर्ने आग्रह मधेशीसंग सम्बन्धित विभिन्न संगठनहरुबाट उठ्न थालेको छ । आधारभूत राजनीतिक परिवर्तनको संघारमा रहेको मुलुकको राजतीनि फेरि पनि सत्ता हस्तान्तरण वा सत्ताको भागिदारी मात्रैको परिवर्तनमा सीमित हुन नपुगोस भन्ने सुनिश्चित गर्नका लागि समेत विभिन्न नाउँमा मधेशी संगठनहरु खुल्न थालेका छन् । मधेशको समस्यालाई बन्दुकबाट समाधान गर्न उक्साउने तत्वहरु पनि नभएका होइनन् । यस्तो बेलामा मधेशीहरुमा स्वर्स्फुत जागेको चेतनालाई प्रोत्साहित गर्नु नै राज्यको उचित कदम मान्न सकिन्छ ।

नागरिकको स्वतन्त्रता, समता एवं सम्मान जस्ता हकहितका कुराहरु राजनीतिक मुघा हुन् । दलित, जनजाति एवं महिलासंग सम्बन्धित विषयहरु मूलधारका राजनीतिक दलहरुले आत्मसात गरिसकेका छन् । तर मधेशी मुद्दाको राजनीतिक समोली अहिलेसम्म हुनसकेको छैन । यसले गर्दा उत्पन्न राजनीतकि शून्यता मा विभिन्न खाले शक्तिकेन्द्रहरुले चलखेल गर्ने अवसर पाएका हुन् । मधेशीहरुको आवाजलाई समावेशी राजनीतिद्वारा मुखर गर्ने

सवालमा मुलधारका राजनीतिक दलहरुले अग्रसरता नलिने हो भने राष्ट्र दुर्भाग्यपूर्ण चलखेलको भङ्खालोमा फस्न पनि सक्छ ।